BeemaPost

बीमा ऐन, २०७९ को दफा १६८ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ ।

परिच्छेद-१

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरुको नाम "बीमा नियमावली, २०८०" रहेको छ।

(२) यो नियमावली तुरून्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "अन्डरराइटर" भन्नाले बीमायोग्य व्यक्ति तथा सम्पत्तिमा निहित जोखिमको विश्लेषण गरी उपयुक्त बीमाशुल्क निर्धारण गर्न प्राधिकरणबाट इजाजत प्राप्त व्यक्ति सम्झनु पर्छ ।

(ख) "ऐन" भन्नाले बीमा ऐन, २०७९ भन्ने सम्झनु पर्छ ।

(ग) "दाबी अन्वेषक" भन्नाले बीमालेख अनुरूप बीमा दाबी भए नभएको वा बीमामा छलकपट वा जालसाजी भए नभएको छानबीन गर्नका लागि इजाजत प्राप्त व्यक्ति सम्झनु पर्छ ।

(घ) "नियमावली" भन्नाले बीमा नियमावली, २०८० सम्झनु पर्छ ।

(ङ) "वेभ एग्रीगेटर" भन्नाले बीमकले उपलब्ध गराउने बीमालेखको विशेषता तथा बीमाशुल्क समेतको तुलनात्मक विश्लेषण गरी उपयुक्त बीमालेख छनौट गर्न सहयोग गर्ने उद्देश्यले स्थापित संगठित संस्था सम्झनु पर्छ ।

परिच्छेद-२

प्राधिकरणको सञ्चालन तथा व्यवस्थापन

३. अध्यक्षको काम, कर्तव्य र अधिकारः ऐनको दफा १३ मा उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) समितिको निर्णय कार्यान्वयन गर्ने वा गराउने,

(ख) समितिले तोकेका अन्य विषय।

४. व्यवस्थापन समूहः (१) प्राधिकरणले गर्ने कामहरू प्रभावकारी रूपमा सञ्चालन गर्न र नीतिगत विषयमा समितिलाई सिफारिस गर्न अध्यक्षको संयोजकत्वमा कार्यकारी निर्देशक र विभागीय प्रमुखहरू सदस्य रहने गरी एक व्यवस्थापन समूह रहनेछ।

(२) उपनियम (१) बमोजिमको व्यवस्थापन समूहको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्राधिकरणको नीति, रणनीति तथा कार्यक्रम तयार गरी सिफारिस गर्ने,

(ख) प्राधिकरणको नीति, रणनीति तथा कार्यक्रमको त्रैमासिक रूपमा मूल्याङ्कन तथा समीक्षा गर्ने,

(ग) प्राधिकरणले अबलम्बन गरेको नीति, नियम, विनियम, निर्देशिका, कार्यविधि आदि कार्यान्वयन भए नभएको यकिन गर्ने,

(घ) प्राधिकरणले अवलम्बन गरेको नीति, नियम, विनियम, निर्देशिका, कार्यविधि आदिको प्रभावकारीता परीक्षण गर्ने,

(ङ) बीमित हित संरक्षण सम्बन्धमा प्राधिकरणबाट गर्नुपर्ने कार्य सम्बन्धमा अध्ययन गर्ने,

(च) प्राधिकरणको काम कारवाहीको प्रभावकारीताको सम्बन्धमा अध्ययन तथा मूल्याङ्कन गर्ने,

(छ) बीमकको वित्तीय स्वस्थता तथा सल्भेन्सी कायम राख्ने सम्बन्धमा बीमकको सञ्चालन र काम कारबाहीको अध्ययन तथा मूल्याङ्कन गर्ने,

(ज) बीमा क्षेत्रको समग्र स्थितिको अध्ययन र मूल्याङ्कन गरी बीमा प्रतिको विश्वसनीयता कायम गर्न आवश्यक नीतिगत सिफारिस गर्ने,

९झ० प्राधिकरणबाट गरिने नियमन तथा सुपरीवेक्षणको प्रभावकारीताको सम्बन्धमा अध्ययन तथा मूल्याङ्कन गर्ने,

९ञ० समितिले तोकेका अन्य विषयको सम्बन्धमा अध्ययन तथा मूल्याङ्कन गर्ने।

(३) व्यवस्थापन समूहले उपनियम (२) मा उल्लिखित विषयहरुको अध्ययन तथा मूल्याङ्कन गरी सोको प्रतिवेदन प्रत्येक तीन महिनामा समिति समक्ष पेश गर्नु पर्नेछ।

(४) व्यवस्थापन समूहको बैठक महिनाको कम्तीमा एकपटक बस्नेछ ।

(५) अध्यक्षले तोकेको एक जना अधिकृतले व्यवस्थापन समूहको सचिव भई कार्य गर्नेछ ।

५. <u>जोखिम व्यवस्थापन समिति:</u> (१) प्राधिकरणको जोखिमको पहिचान, मूल्याङ्कन र व्यवस्थापन सम्बन्धमा समिति समक्ष सिफारिस गर्न देहाय बमोजिमको जोखिम व्यवस्थापन समिति रहने छः-

(क) समितिले तोकेको एकजना सञ्चालक - संयोजक

(ख) प्राधिकरणको कार्यकारी निर्देशक - सदस्य

(ग) प्राधिकरणको जोखिम व्यवस्थापन सम्बन्धी कार्य हेर्ने विभागको विभागीय प्रमुख -सदस्य

BeemaPost

(२) उपनियम (१) बमोजिमको समितिको बैठक महिनाको कम्तीमा एकपटक बस्नेछ ।

(३) अध्यक्षले तोकेको एक जना अधिकृतले व्यवस्थापन समूहको सचिव भई कार्य गर्नेछ ।

(४) जोखिम व्यवस्थापन समितिको बैठक सञ्चालन सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(५) जोखिम व्यवस्थापन समितिले बैठकमा आवश्यकता अनुसार सम्बन्धित विषयको विज्ञ आमन्त्रण गर्न सक्नेछ ।

६. <u>वार्षिक कार्यक्रम तथा बजेट:</u> (१) प्राधिकरणको कार्य सञ्चालन तथा व्यवस्थापनको लागि वार्षिक कार्यक्रम तथा बजेट तयार गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको वार्षिक कार्यक्रम तथा बजेट समितिले स्वीकृत गरेपछि कार्यान्वयन हुनेछ।

७. <u>प्राधिकरणको कोष सञ्चालन:</u> (१) प्राधिकरणको आम्दानी तथा खर्चका लागि छुट्टा-छुट्टै खाता खोली कारोवार सञ्चालन गर्नु पर्नेछ।

(२) प्राधिकरणले आफ्नो कोषबाट खर्च गर्दा स्वीकृत बजेटबाट अधिकारप्राप्त अधिकारीबाट अख्तियारी लिई खर्च गर्नु पर्नेछ।

८. <u>बीमा पूर्वाधार कोष सम्वन्धी व्यवस्था:</u> (१) प्राधिकरण तथा प्राधिकरण अन्तर्गतका शाखा कार्यालयको पूर्वाधार निर्माण तथा विकास गर्ने प्रयोजनको लागि प्राधिकरणमा एक बीमा पूर्वाधार कोष स्थापना गरिएको छ ।

(२) तत्काल प्रचलित बीमा सम्बन्धी कानून बमोजिम स्थापना भएको बीमा समितिको सञ्चित कोषको रकम उपनियम (१) बमोजिमको कोषमा सर्नेछ।

(३) बीमा पूर्वाधार कोषको रकम प्रचलित बैंक तथा वित्तिय संस्था सम्बन्धी कानून बमोजिम इजाजतपत्र प्राप्त "क" वर्गको बाणिज्य बैंकमा खाता खोली जम्मा गर्नु पर्नेछ ।

(४) उपनियम (१) बमोजिमको कोषमा आर्जन हुने व्याज सोही कोषमा जम्मा गर्नु पर्नेछ।

९. <u>प्राधिकरणको आन्तरिक नियन्त्रण:</u> प्राधिकरणले खर्चको मितव्ययिता र पारदर्शिता तथा कामको गुणस्तर सुनिश्चित गर्न आन्तरिक नियन्त्रण प्रणालीको व्यवस्था गर्नु पर्नेछ ।

१०. <u>लेखापरीक्षण समितिको काम, कर्तव्य र अधिकार:</u> (१) ऐनको दफा २३ बमोजिमको लेखापरीक्षण समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-

(क) प्राधिकरणको आवधिक वित्तीय विवरण तथा अन्य कागजातको लेखापरीक्षण र त्यस्ता कागजात ठीकसँग तयार भए नभएको यकिन गर्ने,

(ख) प्राधिकरणले अवलम्बन गरेको जोखिम व्यवस्थापन नीति कार्यान्वयन भए नभएको यकिन गर्ने,

(ग) प्राधिकरणले अपनाएको नीति, नियमको कार्यान्वयनको प्रभावकारिता परीक्षण गर्ने,

(घ) ऐन, नियम, विनियम, निर्देशिका तथा अन्य प्रचलित कानून पालना भए नभएको सम्बन्धमा कार्यसम्पादन लेखापरीक्षण गराउने,

(ङ) प्राधिकरणको लेखा, बजेट तथा कार्यक्रम, लेखापरीक्षण कार्यविधि र नियन्त्रण व्यवस्थाका सम्बन्धमा सुझाव सहितको प्रतिवेदन समिति समक्ष पेश गर्ने,

(च) समितिबाट माग गरिएको विषयमा राय दिने ।

(२) लेखापरीक्षण समितिले प्रत्येक त्रैमास समाप्त भएको साठी दिनभित्र प्राधिकरणको कारोबारको आन्तरिक लेखापरीक्षण गराई सोको प्रतिवेदन समिति समक्ष पेश गर्नु पर्नेछ ।

(३) लेखापरीक्षण समितिले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले चार महिनाभित्र लेखापरीक्षण गराई सो को प्रतिवेदन समितिमा पेश गर्नु पर्नेछ।

(४) उपनियम (२) र (३) बमोजिम पेश हुन आएका प्रतिवेदनका सम्बन्धमा समितिले आवश्यक निर्देशन दिन सक्नेछ ।

(५) लेखापरीक्षण समितिको बैठक महिनाको कम्तीमा एकपटक बस्नेछ ।

(६) लेखापरीक्षण समितिले बैठकमा आवश्यकता अनुसार सम्बन्धित विषयको विज्ञ आमन्त्रण गर्न सक्नेछ ।

परिच्छेद-३

बीमकको सञ्चालन तथा व्यवस्थापन

११. पूर्वस्वीकृतिका लागि निवेदन दिने: (१) ऐनको दफा २६ को उपदफा (१) बमोजिम बीमा कम्पनी संस्थापना गर्न चाहने व्यक्ति वा उपदफा (३) बमोजिम संयुक्त लगानीमा बीमा कम्पनी संस्थापना गर्न वा शाखा कार्यालय खोल्न चाहने विदेशी बीमा कम्पनीले पूर्वस्वीकृतिका लागि अनुसूची-१ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम निवेदन दिंदा प्राधिकरणले तोकेको बैंकखातामा अनुसूची-२ बमोजिमको शुल्क जम्मा गर्नु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम संगठित संस्थाले पूर्व स्वीकृतिका लागि निवेदन दिंदा ऐनको दफा २६ मा उल्लिखित कागजातका अतिरिक्त कम्पनीको वित्तीय विवरण तथा लेखापरीक्षण प्रतिवेदन वा प्रस्तावित बीमा कम्पनीमा लगानी गर्न सक्षम रहेको भनी लेखापरीक्षकले प्रमाणित गरेको कागजात समेत पेश गर्नु पर्नेछ ।

(४) पूर्वस्वीकृतिको लागि पेश भएका कागजातहरुको जाँचबुझ गर्दा प्राधिकरणले उपयुक्त देखेमा निवेदकलाई अनुसूची-३ बमोजिमको ढाँचामा पूर्वस्वीकृति प्रदान गर्नेछ ।

१२. <u>बीमकको इजाजत:</u> (१) प्रचलित कानून बमोजिम संस्थापना भएको विमा व्यावसाय गर्न चाहने कम्पनीले ऐनको दफा २८ को उपदफा (१) बमोजिम प्राधिकरणमा निवेदन दिंदा अनुसूची-४ को ढाँचामा दिनु पर्नेछ ।

(२) प्राधिकरणले ऐनको दफा २९ बमोजिम इजाजतपत्र प्रदान गर्दा अनुसूची-२ बमोजिमको इजाजत शुल्क लिई अनुसूची-५ बमोजिमको ढाँचामा इजाजतपत्र दिनु पर्नेछ।

१३. <u>शाखा कार्यालय स्थापना गर्ने सम्बन्धी व्यवस्था:</u> (१) बीमकले शाखा कार्यालय स्थापना गर्नका लागि देहायका कागजात तथा विवरण सहित प्राधिकरण समक्ष निवेदन दिनु पर्नेछः-

(क) सञ्चालक समितिको निर्णय,
(ख) कार्यालय स्थापना गर्ने प्रस्तावित स्थान,
(ग) वित्तीय रूपले सम्भाव्य रहेको स्थलगत अध्ययन प्रतिवेदन,
(घ) जनशक्ति र पूर्वाधारको व्यवस्थापन,
(ङ) प्राधिकरणले निर्धारण गरेका अन्य विषय ।

(२) बीमकले विदेशमा शाखा वा सम्पर्क कार्यालय स्थापना गर्नका लागि उपनियम (१) मा उल्लिखित विवरण तथा कागजातका अतिरिक्त देहायका कागजात समेत पेश गर्नुपर्नेछः-

(क) व्यवसायिक योजना, लाभ-लागत तथा जोखिम विश्लेषण सहितको सम्भाव्यता अध्ययन प्रतिवेदन,
(ख) कार्यालय स्थापनाको लागि आवश्यक अनुमानित लागत,
(ग) प्राधिकरणले तोकेको न्यूनतम् सोल्भेन्सी मार्जिन कायम गरेको,
(घ) कार्यालय स्थापना गर्न प्रस्ताव गरिएको देशबाट लाभांश, मुनाफा, पूँजी नेपालमा भित्र्याउन वा फिर्ता गर्न सकिने नीतिगत व्यवस्था उक्त देशमा रहेको,

(ङ) कार्यालय खोल्न प्रस्ताव गरिएको देशसँग नेपालको द्विपक्षीय सम्वन्ध रहेको।

(३) उपनियम (१) र (२) बमोजिमको निवेदन उपर जाँचबुझ गरी कार्यालय खोल्न दिने वा नदिने सम्बन्धमा प्राधिकरणले निवेदन प्राप्त भएको मितिले साठी दिनभित्र निर्णय गर्नु पर्नेछ ।

(४) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्राधिकरणले बीमाको पहुँच विस्तार गर्न आवश्यकता अनुसार बीमकलाई शाखा कार्यालय खोल्न निर्देशन दिन सक्नेछ ।

१४. <u>सम्पर्क कार्यालय खोल्नेः</u>(१) ऐनको दफा ३३ बमोजिम विदेशी बीमकले नेपालमा सम्पर्क कार्यालय खोल्न देहायका कागजात सहित प्राधिकरण समक्ष निवेदन दिनु पर्नेछः-

(क) सम्वन्धित देशको नियमनकारी निकायले नेपालमा सम्पर्क कार्यालय खोल्न प्रदान गरेको सहमति,

(ख) सम्पर्क कार्यालय खोल्नुको औचित्य खुल्ने कागजात।

(२) उपनियम (१) बमोजिम प्राप्त निवेदन उपर आवश्यक जाँचबुझ गर्दा विदेशी बीमकलाई नेपालमा सम्पर्क कार्यालय खोल्न दिन उपयुक्त देखिएमा प्राधिकरणले त्यस्तो शाखा खोल्न अनुमति प्रदान गर्न सक्नेछ ।

(३) उपनियम (२) बमोजिम प्राधिकरणले अनुमति दिने वा नदिने सम्बन्धी निर्णय निवेदन प्राप्त भएको मितिले साठी दिनभित्र गर्नु पर्नेछ ।

१५. <u>बीमा व्यवसायको प्रकार (पोर्टफोलियो) को इजाजत खारेजीः</u> (१) बीमकले ऐनको दफा ३४ बमोजिम बीमा व्यवसायको प्रकार (पोर्टफोलियो) खारेज गर्न निवेदन दिँदा देहायका कागजात तथा विवरण समेत पेश गर्नु पर्नेछः-

(क) व्यवसायको प्रकार (पोर्टफोलियो) खारेज गर्नुपर्ने मनासिव कारण,

(ख) व्यवसायको प्रकार (पोर्टफोलियो) खारेजीको कारणले बीमितको हक, हितमा प्रतिकूल असर नपर्ने कुराको प्रत्याभूति ।

(२) प्राधिकरणले समस्याग्रस्त बीमक भनी घोषणा गरेको अवस्थामा बीमकले व्यवसायको प्रकार (पोर्टफोलियो) खारेजीको लागि निवेदन दिन पाउने छैन ।

(३) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बीमित हित संरक्षणमा प्रतिकूल असर पर्ने भएमा वा समस्याग्रस्त बीमकको सुधारात्मक उपाय अबलम्बन गर्न आवश्यक भएमा प्राधिकरणले बीमकको बीमा व्यवसायको प्रकार (पोर्टफोलियो) खारेज गर्न सक्नेछ ।

१६. बीमा व्यवसाय हस्तान्तरणः (१) ऐनको दफा ११३ बमोजिम बीमा व्यवसायको प्रकार (पोर्टफोलियो) हस्तान्तरण गरी लिन वा दिन चाहने बीमकले देहायका कागजात सहित प्राधिकरणमा संयुक्त निवेदन दिनु पर्नेछः-

(क) पोर्टफोलियो लिने दिने दुबै बीमकको साधारण सभाबाट पारित भएको विशेष प्रस्ताव,

(ख) पोर्टफोलियो हस्तान्तरण सम्बन्धमा एक आपसमा भएको सम्झौता,

(ग) पोर्टफोलियो हस्तारणपश्चात उक्त पोर्टफोलियो अन्तर्गत सिर्जना हुने दायित्व स्वीकार गर्ने सम्बन्धमा पोर्टफोलियो लिने बीमकको सञ्चालक समितिले गरेको निर्णय,

(घ) पोर्टफोलियो हस्तारण गरी लिने बीमकले प्राधिकरणले निर्धारण गरे बमोजिमको पूँजीकोष र सल्भेन्सी कायम हुने आधार ।

(२) विदेशी बीमकले स्वदेशी बीमकलाई पोर्टफोलियो हस्तान्तरण गर्न चाहेमा निज बीमकको प्रधान कार्यालयले आफ्नो नियमनकारी निकायसँग स्वीकृति लिएको हुनुपर्नेछ।

(३) यस नियम बमोजिम व्यवसाय हस्तान्तरण सम्बन्धी स्वीकृति प्रदान गर्दा प्राधिकरणले आवश्यक शर्त तोक्न सक्नेछ।

(४) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि पुनर्बीमकले अर्को पुनर्बीमकलाई पोर्टफोलियो हस्तान्तरण गर्नु पूर्व प्राधिकरणलाई जानकारी गराउनु पर्नेछ ।

तर, प्राधिकरणले निर्धारण गरेको रेटिङ्ग कायम नभएको पुनर्बीमकलाई पोर्टफोलियो हस्तान्तरण गर्न पाइने छैन ।

(५) यस नियम बमोजिम हस्तारण गरेको व्यवसायको जानकारी कम्तीमा दुई पटक राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशन तथा अन्य प्रसारण संस्था मार्फत प्रशारण गर्नु पर्नेछ ।

१७. पूँजी सम्बन्धी व्यवस्थाः बीमकले आफ्नो कूल सम्पत्ति वा कूल जोखिमभारीत सम्पत्तिको आधारमा प्राधिकरणले निर्धारण गरे बमोजिम पूँजीकोष कायम गर्नुपर्नेछ ।

१८. बीमा कोषः ऐनको दफा ३८ बमोजिम बीमकले सल्भेन्सी मार्जिन तथा पूँजीकोष कायम गर्ने प्रयोजनका लागि प्राधिकरणले निर्धारण गरे बमोजिमको रकम बीमा कोषमा सार्नु पर्नेछ।

१९. अनिवार्य जगेडा कोषः (१) ऐनको दफा ३९ को उपदफा (२) को खण्ड (क) बमोजिम जीवन बीमा व्यवसाय गर्ने बीमकले अनिवार्य जगेडा कोषमा कायम गर्नु पर्ने रकम जीवन बीमा कोष खडा गरी सोही कोषमा राख्नु पर्नेछ ।

(२) कुनै एक प्रकारको बीमा (पोर्टफोलियो) को जीवन बीमा कोषबाट अर्को प्रकारको बीमा (पोर्टफोलियो) को जीवन बीमा कोषमा रकम सार्न वा सो कोषबाट दायित्व व्यहोर्न पाइने छैन ।

(३) बीमकले ऐनको दफा ३९ को उपदफा (२) को खण्ड (ग) बमोजिमको रकम छुट्टै खडा गरिएको बिशेष जगेडा कोषमा राख्नु पर्नेछ।

(४) ऐन लागू हुँदाको बखत निर्जीवन बीमा व्यवसाय गर्ने बीमकले बीमा कोष र बीमा जगेडा हिसाबमा देखाएको रकम उपनियम (४) बमोजिमको कोषमा सार्नु पर्नेछ।

२०. <u>कोष देखाउनु नपर्ने:</u> बीमकको असमाप्त जोखिम (अनएक्स्पायर्ड रिक्स रिजर्भ) बापतको रकम ऐनको दफा ३९ बमोजिमको अनिवार्य जगेडा कोषमा समावेश भै सकेको भए सो बापतको रकम दाबी भुक्तानी कोषमा देखाउनु पर्ने छैन ।

२१. <u>बीमकको कुल सम्पत्ति तथा दायित्वको मूल्याङ्कन:</u> (१) बीमकले आफ्नो सम्पत्ति र दायित्वको मूल्याङ्कन प्रचलित कानून बमोजिम गर्नु पर्नेछ।

(२) बीमकले वर्षमा कम्तीमा एकपटक बीमा सम्बन्धी दायित्वको बीमाङ्कीय मूल्याङ्कन गराई स्वीकृतिका लागि प्राधिकरण समक्ष पेश गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिम पेश हुन आएको प्रतिवेदन अध्ययन गरी प्राधिकरणले तीस दिन भित्र निर्णय गर्नु पर्नेछ

२२. <u>जीवन बीमा व्यवसायबाट भएको बचतको बाँडफाँट:</u> (१) बीमकले गणना गरेको बचत रकम ऋणात्मक भएमा वा सो बचत रकमबाट बीमितलाई प्रदान गर्ने बोनश रकम वा अन्य व्यहोर्नु पर्ने दायित्व रकम अपुग भएमा प्राधिकरणको स्वीकृति लिई उक्त रकम शेयरधनी कोषबाट व्यहोर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम प्राधिकरणले स्वीकृति प्रदान गर्दा बीमकको सल्भेन्सी तथा वित्तीय अवस्थामा दीर्घकालीन रूपमा असर नपर्ने कुराको यकिन गर्नु पर्नेछ।

(३) जीवन बीमा व्यवसाय गर्ने बीमकको बचत गणना तथा सो को बाँडफाँट सम्बन्धी विधि तथा मापदण्ड प्राधिकरणले निर्धारण गरे बमोजिम हुनेछ।

२३. <u>लाभांश घोषणा:</u> (१) बीमकले ऐनको दफा ४३ बमोजिम लाभांश घोषणा गर्नुअघि देहायका कागजात तथा विषय खुलाई प्राधिकरणमा निवेदन दिनु पर्नेछ:-

(क) ऐनको दफा १०१ बमोजिम बीमक समस्याग्रस्त घोषणा नभएको,
(ख) ऐनको दफा ४३ को उपदफा (१) को अवस्था विद्यमान नरहेको,
(ग) प्राधिकरणले बीमकको व्यवसाय आंशिक वा पूर्ण रूपमा रोक नलगाएको,

(घ) ऐनको दफा ३६, ३८, ३९, ४०, ४१ र ४२ को व्यवस्था पूर्ण रूपमा पालना गरेको,

(ङ) व्यवस्थापनबाट प्रमाणित गरिएको वित्तीय विवरण,

(च) बाह्य लेखापरीक्षकको व्यवस्थापन प्रतिवेदन र सो सम्बन्धमा बीमकले पेश गरेको जवाफ,

(छ) प्राधिकरणले निर्धारण गरेका अन्य कागजात तथा विवरण ।

(२) उपनियम (१) बमोजिमको निवेदनको सम्वन्धमा छलफल गर्न आवश्यक परेमा प्राधिकरणले बीमकका सञ्चालक, कार्यकारी प्रमुख, कर्मचारी, लेखापरीक्षक वा सम्बन्धित कुनै व्यक्ति वा संस्थालाई बोलाउन सक्नेछ र त्यसरी बोलाएको वखत प्राधिकरणमा उपस्थित हुनु निजको कर्तव्य हुनेछ।

(३) उपनियम (१) बमोजिमको निवेदनका साथ पेश गरेका कागजात तथा विवरण जाँच गरी प्राधिकरणले लाभाँश घोषणा नगर्न निर्देशन दिन वा शर्त सहित लाभाँश घोषणा गर्न स्वीकृति दिन सक्नेछ ।

(४) बीमकको वितरणयोग्य मुनाफा सम्वन्धी अन्य व्यवस्था प्राधिकरणले निर्धारण गरेबमोजिम हुनेछ ।

२४. कार्यकारी प्रमुख नियुक्ति सम्बन्धी व्यवस्थाः (१) ऐनको दफा ५७ बमोजिम कार्यकारी प्रमुखको नियुक्ति गर्नु भन्दा एक्काइस दिन अगावै त्यस्तो व्यक्तिसँग गरिएको करार तथा निजको योग्यता, अनुभव सम्वन्धी विवरण, निज अयोग्य नभएको प्रमाण र निजले तयार पारेको व्यवसायिक योजना प्राधिकरणमा पेश गर्नु पर्नेछ।

(२) प्राधिकरणले उपनियम (१) बमोजिम प्राप्त विवरणको जाँचबुझ गर्दा उपयुक्त (फिट एण्ड प्रोपर) देखिएमा त्यस्तो व्यक्ति कार्यकारी प्रमुख रूपमा नियुक्त हुन योग्य भए पन्ध्र दिन भित्र सहमति दिनु पर्नेछ र अयोग्य भएको खण्डमा सोही अवधि भित्र कारण खोली बीमकलाई जानकारी गराउनु पर्नेछ ।

(३) दफा ५७ को उपदफा (२) को प्रयोजनको लागि ऐन लागू हुँदाका बखत कार्यरत रहेको कार्यकारी प्रमुख उक्त र्कायकाल समाप्त भएपश्चात पुनः एक पटक नियुक्त हुन सक्नेछ।

२५. विदेशी बीमकले व्यवस्थापन समूह गठन गर्नुपर्नेः (१) नेपालमा सञ्चालित विदेशी बीमकको शाखा कार्यालयले ऐनको दफा ५३ को उपदफा (३) को खण्ड (क), (ख), (ग), (ङ), (च) र (छ) बमोजिमको कार्य गर्न कार्यकारी प्रमुखको संयोजकत्वमा कम्तीमा एक जना नेपाली कर्मचारी रहने गरी वरिष्ठ कर्मचारी मध्येबाट तीन सदस्यीय व्यवस्थापन समूह गठन गर्नुपर्नेछ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बीमकको सञ्चालक समितिले गर्ने भनी प्राधिकरणले तोकेकोमा उक्त विषय बीमकको सञ्चालक समितिले नै गर्नु पर्नेछ ।

२६. व्यवस्थापन वा प्राविधिक सेवा सम्झौता: (१) बीमकले ऐनको दफा ५९ को उपदफा (२) बमोजिम व्यवस्थापन वा प्राविधिक सेवा सम्झौताको मस्यौदा स्वीकृतिका लागि प्राधिकरणमा पेश गर्दा देहायका विवरण खुलाउनु पर्नेछः-

(क) सम्झौता अन्तर्गत सेवा लिने विषय, योजना र औचित्यता,

(ख) सम्झौताको अवधि र शुल्क,

(ग) जनशक्तिको पारिश्रमिक, सुविधा लगायतको अन्य लागत,

(घ) सम्झौता उल्लङ्घन भएमा क्षतिपूर्तिको व्यवस्था,

(ङ) सम्झौताबाट बीमकलाई प्राप्त हुने लाभ,

(च) सम्झौतामा राख्न उपयुक्त अन्य विषय ।

(२) बीमकले कुनै व्यक्ति वा संस्थासँग देहाय बमोजिमको विशेषज्ञ सेवा लिंदा प्राधिकरणको स्वीकृति लिनु पर्नेछः-

(क) बीमाङ्कीय सेवा,

(ख) विस्तृत लेखा परीक्षण,

(ग) विदेशी दलाल, पुनर्बीमक र अन्य बीमा सेवा प्रदायक बाहेक अरु संगठित संस्थासँग कुनै सेवा लिंदा।

२७. वित्तीय विवरण सम्बन्धी अन्य व्यवस्था: (१) लेखामान तथा नेपाल वित्तीय प्रतिवेदनमान बमोजिम वित्तीय विवरणमा खुलाउनु पर्ने भनी उल्लेख भएका विषयका अतिरिक्त प्राधिकरणले आवश्यक विषयहरू खुलाई वित्तीय विवरण तयार गर्न बीमकलाई निर्देशन दिन सक्नेछ ।

(२) प्राधिकरणले निर्धारण गरे बमोजिमको ढाँचामा बीमकले वार्षिक तथा त्रैमासिक वित्तीय विवरण तयार गर्नु पर्नेछ ।

२८. बीमकको लेखापरीक्षण प्रतिवेदनमा खुलाउनुपर्ने: ऐनको दफा ८७ को उपदफा (११) को प्रयोजनको लागि लेखापरीक्षकले बीमकको लेखापरीक्षण प्रतिवेदन तयार गर्दा प्रचलित कानूनले तोकेको व्यवस्थाका अतिरिक्त देहायका बिषय खुलाउनु पर्नेछः-

(क) बीमकको बीमा कोष, अनिवार्य जगेडा कोष तथा त्यस्तै प्रकृतिका अन्य कोष वा सम्पत्ति बीमकको दायित्व अनुपातमा तोकिए बमोजिम भए वा नभएको,

(ख) बीमकले इजाजतप्राप्त बीमा व्यवसाय बाहेक अन्य बीमा व्यवसाय वा कारोबार गरे वा नगरेको,

(ग) बीमकले बीमितको हित प्रतिकूल कुनै कार्य गरे वा नगरेको,

(घ) बीमकले प्राधिकरणको निर्देशन अनुरूप कार्य गरे वा नगरेको,

(ङ) स्वीकृत बीमालेख बाहेकका अन्य बीमालेख जारी गरे वा नगरेको,

(च) शेयरधनीलाई जानकारी गराउनुपर्ने वित्तीय वा अन्य विषयमा शेयरधनीलाई जानकारी गराए वा नगराएको,

(छ) बीमकले लिएको दीर्घकालीन दायित्वको अनुपातमा त्यस्तो जायजेथाबाट दायित्व निर्वाह गर्न बीमक सक्षम रहेको वा नरहेको,

(ज) बीमकको आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी भए वा नभएको,

(झ) ऐन, नियम, अन्य प्रचलित कानून, प्राधिकरणले समय-समयमा जारी गरेको बीमा सम्बन्धी विनियम, निर्देशन र मार्गदर्शन पालना गरे नगरेको,

(ञ) लेखापरीक्षण प्रतिवेदनमा खुलाउनु पर्ने भनी प्राधिकरणले समय-समयमा तोकिदिएका अन्य विषय ।

२९. <u>बीमाको प्रकार:</u> (१) जीवन बीमा व्यवसायको प्रकार देहाय बमोजिम हुनेछ:-

(क) आजीवन जीवन बीमा,

(ख) सावधिक जीवन बीमा,

(ग) म्यादी जीवन बीमा,

(घ) लघु जीवन बीमा,

(ङ) अन्य जीवन बीमा ।

(२) निर्जीवन बीमा व्यवसायको प्रकार देहाय बमोजिम हुनेछ:

(क) घर, सम्पत्ति तथा व्यवसाय बीमा,

(ख) मोटर बीमा,

(ग) परिवहन बीमा,

(घ) इन्जिनियरिङ्ग बीमा,

(ङ) हवाई बीमा,

(च) दायित्व बीमा,

(छ) स्वास्थ्य बीमा,

(ज) कृषि, पशुपन्छी तथा जडीबुटी बीमा,

(झ) लघु निर्जीवन बीमा,

(ञ) अन्य बीमा ।

(३) बीमा सर्भेयरको इजाजतपत्र दिने प्रयोजनको लागि निर्जीवन बीमाको प्रकार देहाय बमोजिम हुनेछः-

(क) घर, सम्पत्ति, व्यवसाय तथा इन्जिनियरिङ्ग बीमा,

(ख) मोटर बीमा,

(ग) परिवहन बीमा,

(घ) हवाई बीमा

(ङ) अन्य बीमा,

(४) यस नियममा उल्लिखित बर्गीकरणको अतिरिक्त वित्तीय विवरण तयार गर्ने तथा अन्य कुनै खास प्रयोजनका लागि प्राधिकरणले बीमाको थप प्रकार तथा उपप्रकारको वर्गीकरण गर्न सक्नेछ ।

३०. <u>बीमा करार सम्बन्धी अन्य व्यवस्थाः</u> (१) ऐनको दफा ६२ बमोजिम बीमा करार गर्दा अवधि खोली करार गर्नु पर्नेछ।

(२) बीमकले बीमित वा बीमालेख धारकसँग बीमा करार गर्नु पर्नेछ ।

(३) बीमित असक्षम वा अर्धसक्षम भएको अवस्थामा निजको बीमायोग्य हित कायम भएको व्यक्तिले बीमितको तर्फबाट बीमा करार गर्न सक्नेछ ।

(४) बीमा करार गर्दा मूल करारसँग पूरक करार (राइडर वा सम्पुष्टी) थप गर्न सकिनेछ ।

(५) प्राधिकरणले निर्धारण गरेको सीमाभन्दा बढी रकमको बीमा गर्दा बीमकले बीमा सूचना केन्द्रबाट बीमित र निजको एकाघर परिवारको बीमा सम्बन्धी विवरण लिनु पर्नेछ।

३१. <u>बीमाशुल्कः</u> (१) ऐनको दफा ६४ को प्रयोजनको लागि चेक मार्फत बीमाशुल्क प्राप्त गरेकोमा बीमकको बैंक खातामा उक्त रकम जम्मा भएपछि मात्र बीमकले बीमाशुल्क प्राप्त गरेको मानिनेछ।

(२) हवाई बीमा वा इन्जिनियरिङ्ग बीमा अन्तर्गत एक वर्ष भन्दा बढी अवधि रहेको परियोजनाको बीमा गर्दा बीमालेख जारी भएको एक वर्ष भित्र बीमाशुल्क प्राप्त गर्ने गरी किस्ताबन्दीमा बीमाशुल्क लिन सकिनेछ।

३२. <u>इच्छाइएको व्यक्ति सम्बन्धी व्यवस्थाः</u> (१) जीवन बीमालेखमा बीमितले आफ्नो बीमायोग्य हित भएको व्यक्तिलाई मात्र इच्छ्याउन सक्नेछ।

(२) बीमितले बीमालेखमा उल्लेखित इच्छाइएको व्यक्ति परिवर्तन गर्नु पर्ने भएमा उपनियम (१) को अधीनमा रही बीमक समक्ष लिखित निवेदन दिनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम निवेदन प्राप्त भएमा बीमकले आवश्यक जाँचबुझ गरी इच्छाएको व्यक्ति परिवर्तन गरी दिनुपर्नेछ ।

३३. <u>बीमलेखको हक हस्तान्तरण तथा नामसारीः</u> (१) बीमितले बीमालेख परिपक्व हुँदा वा परिपक्व हुनु अगावै निजको मृत्यु भएको अवस्थामा बीमालेखबाट प्राप्त हुने सुविधा अन्य कुनै व्यक्ति वा संस्थाले पूर्ण वा आंशिक रूपमा प्राप्त गर्ने गरी हक हस्तान्तरण गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम बीमालेखको हक हस्तान्तरण गर्नुअघि हस्तान्तरण गर्नुको उचित कारणसहित बीमकलाई अनुरोध गर्नु पर्नेछ र त्यस्तो कारण उपयुक्त देखिएमा बीमकले उक्त बीमितले माग गरे बमोजिम बीमालेखको हक हस्तान्तरण गरी दिन सक्नेछ।

(३) बीमालेखको हक हस्तान्तरण बीमा बहाल रहेको अवधिभित्र जुनसुकै बखत गर्न सकिनेछ।

(४) सम्पत्तिको स्वामित्व हस्तान्तरण वा बिक्री भएको मितिले साठी दिनभित्र उक्त सम्पत्तिको बीमालेखको बीमकले निःशुल्क नामसारी गरी दिनु पर्नेछ ।

३४. <u>बीमालेखको स्वीकृतिः</u> (१) बीमकले बीमालेख तयार गरी स्वीकृतिका लागि प्राधिकरण समक्ष पेश गर्नुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम पेश भएको बीमालेख उपर साठी दिन भित्र निर्णय गरी सक्नु पर्नेछ ।

(३) यस नियममा जुनसुकै कुरा लेखिएको भए तापनि प्राधिकरण आफैले बीमालेख तयार गरी जारी गर्न सक्नेछ ।

३५. <u>लघुबीमकको पूँजीः</u> (१) लघु बीमा व्यवसायको व्यवसाय गर्ने बीमकको न्यूनतम चुक्ता पूँजी पचहत्तर करोड रूपैयाँ हुनेछ ।

(२) उपनियम (१) बमोजिमको न्यूनतम चुक्ता पूँजी प्राधिकरणले समय-समयमा हेरफेर गर्न सक्नेछ ।

३६. <u>लघुबीमा अभिकर्ता करार सम्बन्धी व्यवस्थाः</u> बीमकले ऐनको दफा ७७ बमोजिम संस्थागत लघुबीमा अभिकर्तासँग सम्झौता गर्दा देहाय बमोजिमको अधिकार सुम्पिन सक्नेछः

(क) जोखिमाङ्कन सम्बन्धी अधिकार,

(ख) दावी सम्बन्धी अधिकार,

(ग) प्राधिकरणले निर्धारण गरेको अन्य अधिकार ।

३७. <u>पुनर्बीमा सम्बन्धी व्यवस्थाः</u> (१)) बीमकले आफूले धारण गर्ने जोखिम धारण गरी बाँकी रहेको वा आफूले धारण गर्न नसक्ने अंशको पुनर्बीमा गराउनु पनेछ ।

(२) बीमकले पुनर्बीमा गर्दा ऐनमा उल्लिखित शर्तको अतिरिक्त देहाय बमोजिम हुने गरी गर्नुपर्नेछः-

(क) उचित तथा पर्याप्त,

(ख) जोखिमको विविधिकरण,

(ग) पुनर्बीमकको प्राविधिक तथा वित्तीय क्षमताको पर्याप्त मात्रामा विश्लेषण,

(घ) बीमितको हक हितको संरक्षणको सुनिश्चितता ।

(३) बीमकले जारी गर्ने प्रत्येक बीमालेखले रक्षावरण गरेको जोखिम आफूले धारण नगरी शतप्रतिशत पुनर्बीमा गराउनु हुँदैन ।

(४) पुनर्बीमा व्यवसाय गर्ने बीमकले आफूले धारण गर्ने जोखिम धारण गरी बाँकी रहेको अंशको पुनः पुनर्बीमा (रेट्रोशेसन) गराउनु पर्नेछ ।

३८. पुनर्बीमक छनौट गर्ने: बीमकले पुनर्बीमा गर्ने प्रयोजनको लागि प्राधिकरणले निर्धारण गरेको मापदण्ड पूरा गरेको पुनर्बीमक छनौट गर्नु पर्नेछ ।

३९. पुनर्बीमाको प्रकार: (१) बीमकले गर्ने पुनर्बीमाको प्रकार देहाय बमोजिम हुन सक्नेछः-

(क) ट्रिटी पुनर्बीमा,

(ख) फ्याकल्टेटिभ पुनर्बीमा,

(ग) बीमा पुल ।

(२) पुनर्बीमा व्यवसाय गर्ने बीमकले गर्ने पुनर्बीमा व्यवसाय सम्बन्धी अन्य व्यवस्था प्राधिकरणले निर्धारण गरेबमोजिम हुनेछ ।

परिच्छेद-४

बीमकको आन्तरिक नियन्त्रण

४०. बीमकको आन्तरिक लेखापरीक्षण: बीमकले प्रत्येक त्रैमास समाप्त भएको साठी दिनभित्र आन्तरिक लेखापरीक्षण गरी प्राधिकरण समक्ष पेश गर्नु पर्नेछ।

४१. बीमकको आन्तरिक नियन्त्रण: (१) बीमकले आफ्नो संगठन संरचना तयार गरी लागू गर्नुपर्नेछ ।

(२) बीमकले आफ्नो उत्तराधिकार योजना (सक्सेसन प्लान) बनाउनु पर्नेछ ।

(३) बीमकले जोखिम व्यवस्थापन, लेखापरीक्षण, खरिद, आर्थिक, मानव संसाधन, सूचना प्रविधि, जोखिमाङ्कन, दावी, सम्पत्ति शुद्धीकरण निवारण, पुनर्बीमा, बजारीकरण लगायत प्राधिकरणले निर्धारण गरे बमोजिमका विषयमा छुट्टाछुट्टै दिग्दर्शन (म्यानुअल) वा कार्यविधि तयार गर्नु पर्नेछ ।

(४) बीमकले आफ्नो कार्य सञ्चालनका लागि वास्तविक समयमा परिणाम दिने (रियल टाइम) सफ्टवेयरको प्रयोग गर्नु पर्नेछ ।

(५) बीमकले आफ्नो बीमा सम्बन्धी कारोबार सोही दिन बन्द (डे-इन्ड) हुने व्यवस्था गर्नु पर्नेछ।

(६) बीमकले यस नियममा उल्लिखित व्यवस्थाका अतिरिक्त बीमकको व्यवसायको आकार, प्रकृति, जोखिम तथा सञ्चालनको जटिलताका आधारमा पर्याप्त र प्रभावकारी आन्तरिक नियन्त्रण प्रणालीको व्यवस्था गर्नुपर्नेछ।

४२. <u>बीमकको जोखिम व्यवस्थापन समिति</u>: (१) बीमकले बीमा व्यवसाय प्रारम्भ गरेको तीस दिनभित्र स्वतन्त्र सञ्चालकको संयोजकत्वमा तीन सदस्यीय जोखिम व्यवस्थापन समिति गठन गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम जोखिम व्यवस्थापन समिति गठन नगरेको बीमकले यो नियमावली प्रारम्भ भएको मितिले तीस दिनभित्र गठन गर्नु पर्नेछ।

(३) बीमकको सञ्चालक समितिको अध्यक्ष, कार्यकारी प्रमुख, लेखा प्रमुख वा निजको नजिकको नातेदार जोखिम व्यवस्थापन समितिको सदस्य हुन सक्ने छैन ।

(४) उपनियम (१) बमोजिम गठन भएको जोखिम व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) बीमकको जोखिम व्यवस्थापन सम्बन्धी नीति तयार गर्ने,

(ख) बीमकको जोखिम पहिचान, मूल्याङ्कन, हस्तान्तरण तथा व्यवस्थापन सम्बन्धी कार्य गर्ने, गराउने,

(ग) जोखिम व्यवस्थापन सम्बन्धमा सञ्चालक समितिलाई सल्लाह दिने,

(घ) बीमकमा जोखिम व्यवस्थापन संस्कृति विकास गर्ने।

४३. <u>परिपालन अधिकारी नियुक्त गर्नु पर्ने</u>: (१) बीमकले मान्यताप्राप्त विश्वविद्यालयबाट स्नातकोत्तर उपाधी प्राप्त गरेका व्यवस्थापक तहका अधिकृत कर्मचारीमध्येबाट परिपालन (कम्प्लाइन्स) अधिकारी नियुक्त गरी सोको जानकारी प्राधिकरणलाई दिनु पर्नेछ।

(२) परिपालन अधिकारीले देहायका विषयहरू बीमकबाट अद्यावधिक रूपमा पालना भएको सुनिश्चित गर्नु पर्नेछः-

(क) ऐन,नियमावली,अन्य प्रचलित कानून,प्राधिकरणबाट समय समयमा जारी भएको आदेश, निर्देशन,मार्गदर्शन तथा परिपत्र अनुरूप गर्नुपर्ने कुरा,

(ख) प्राधिकरणले इजाजतपत्र जारी गर्दाका बखत तोकेका शर्तहरू,

(ग) प्राधिकरणले बीमकको नियमन,निरीक्षण वा सुपरीवेक्षण गर्दा सम्बन्धित बीमकलाई दिइएको निर्देशन,

(घ) प्राधिकरणले समय समयमा निर्धारण गरेका अन्य कार्यहरु ।

(३) उपनियम (२) मा उल्लिखित विषय बीमकबाट पालना भए वा नभएको विवरण तयार गरी परिपालन अधिकारीले त्रैमासिक विवरण उक्त अवधि समाप्त भएको मितिले तीस दिनभित्र प्राधिकरण समक्ष पेश गर्नु पर्नेछ ।

परिच्छेद-५
बीमा अभिकर्ता

४४. बीमा अभिकर्ताको प्रकार: बीमा अभिकर्ताको प्रकार देहाय बमोजिम हुनेछः-

(क) जीवन बीमा अभिकर्ता,

(ख) निर्जीवन बीमा अभिकर्ता,

(ग) लघु बीमा अभिकर्ता,

(घ) अन्य बीमा अभिकर्ता ।

स्पष्टीकरण: यस नियमको प्रयोजनका लागि "अन्य बीमा अभिकर्ता" भन्नाले कुनै खास बीमाको प्रकारको लागि अभिकर्ता भई कार्य गर्न प्राधिकरणबाट इजाजत प्राप्त अभिकर्ता सम्झनु पर्छ ।

४५. बीमा अभिकर्ताको इजाजतपत्र: (१) ऐनको दफा ९१ बमोजिम बीमा अभिकर्ताको इजाजतपत्र प्राप्त गर्न नियम ४६ बमोजिम योग्यता पुगेको व्यक्ति वा संस्थाले देहायका कागजातको प्रतिलिपि संलग्न गरी अनुसूची-६ को ढाँचामा प्राधिकरणमा निवेदन दिनु पर्नेछः-

(क) नागरिकताको प्रमाणपत्र,

(ख) स्थायी लेखा नम्बर,

(ग) शैक्षिक योग्यता खुल्ने प्रमाणपत्र,

(घ) सम्बन्धित बीमकको सिफारिस,

(ङ) बीमा अभिकर्ताको तालिम लिएको प्रमाणपत्र,

(च) बीमा अभिकर्ताको परीक्षा उत्तीर्ण गरेको प्रमाणपत्र ।

(२) संस्थागत अभिकर्ताको रूपमा कार्य गर्न चाहने संस्थाको हकमा त्यस्तो संस्थाको कार्यकारी प्रमुख वा कुनै एकजना उच्च व्यवस्थापकको उपनियम (१) बमोजिमको कागजातका अतिरिक्त देहायका कागजातको प्रतिलिपि समेत पेश गर्नु पर्नेछः-

(क) संस्था दर्ता प्रमाण,

(ख) बीमा अभिकर्ताको कार्य गर्ने भनी उद्देश्य उल्लेख भएको प्रवन्धपत्र र नियमावली,

(ग) कर चुक्ताको प्रमाण,

(घ) प्रचलित कानून बमोजिम कालो सूचीमा नरहेको प्रमाण ।

(३) उपनियम (१) वा (२) बमोजिम प्राप्त निवेदन उपर जाँचबुझ गर्दा निजलाई बीमा अभिकर्ताको इजाजतपत्र दिन उपयुक्त देखिएमा अनुसूची-७ बमोजिमको शुल्क लिई अनुसूची -८ बमोजिमको ढाँचामा प्राधिकरणले इजाजतपत्र उपलब्ध गराउनु पर्नेछ।

४६. <u>बीमा अभिकर्ताको योग्यता:</u> (१) बीमा अभिकर्ताको योग्यता देहाय बमोजिम हुनेछः-

(क) नेपाली नागरिक,

(ख) मान्यताप्राप्त संस्था वा बोर्डबाट दश जोड दुई वा प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको,

(ग) प्राधिकरण, बीमक वा तोकिएको संगठित संस्थाबाट प्राधिकरणले निर्धारण गरे बमोजिमको बीमा सम्बन्धी तालिम प्राप्त गरेको,

(घ) बीमा अभिकर्ताको परीक्षा उत्तीर्ण गरेको,

(ङ) प्राधिकरण वा बीमकले कालो सूचीमा नराखेको,

(च) प्राधिकरणले कानून विपरीत कार्य गरेको भनी कारवाही गरेको तीनवर्ष पूरा भइसकेको,

(छ) कानून बमोजिम करार गर्न योग्य ।

(२) संस्थागत अभिकर्ताको हकमा सम्बन्धित संस्थाको कार्यकारी प्रमुख वा कुनै एकजना उच्च व्यवस्थापकको योग्यता उपनियम (१) मा उल्लेख भए बमोजिम हुनु पर्नेछ।

(३) उपनियम (२) बमोजिमको योग्यता कायम नभएमा संस्थागत अभिकर्ताको इजाजतपत्र स्वतः रद्द हुनेछ ।

४७. <u>बीमा अभिकर्ताको इजाजतपत्र नवीकरण:</u> (१) बीमा अभिकर्ताको इजाजतपत्र नवीकरण गर्नको लागि इजाजतपत्रको अवधि समाप्त हुनु अगावै बीमा अभिकर्ताले सम्बन्धित बीमकको सिफारिस सहित देहायका कागजात तथा विवरण संलग्न गरी प्राधिकरण समक्ष पेश गर्नु पर्नेछः-

(क) बीमा अभिकर्ता भई कार्य गरेको विवरण,

(ख) बिक्री गरेको बीमालेख प्राधिकरणले निर्धारण गरे बमोजिमको प्रतिशतमा नवीकरण भएको प्रमाण,

(ग) बीमालेख बिक्री गर्दा बीमितलाई प्राधिकरणले निर्धारण गरे बमोजिमको सेवा उपलब्ध गराएको प्रमाण ।

(२) संस्थागत बीमा अभिकर्ताले इजाजत नवीकरणका लागि निवेदन पेश गर्दा नियम ८४ बमोजिम परीक्षा उत्तीर्ण गरेको व्यक्ति सम्बन्धित संस्थामा कार्यरत रहेको प्रमाण पेश गर्नुपर्नेछ ।

(३) उपनियम (१) बमोजिम नवीकरणको लागि निवेदन दिंदा बीमा अभिकर्ताले अनुसूची-७ बमोजिमको शुल्क बुझाएको निस्सा समेत पेश गर्नु पर्नेछ।

(४) ऐनको दफा ९४ को उपदफा (२) बमोजिम म्याद थपका लागि निवेदन दिएमा निवेदन दिने अवधि समाप्त भएको मितिले अनुसूची -७ मा उल्लेख भए बमोजिमको विलम्ब शुल्क तिरी नवीकरण गर्न सक्नेछ ।

४८. <u>बीमा अभिकर्ताको कमिशन तथा प्रोत्साहन (इन्सेन्टिभ):</u> (१) बीमा अभिकर्तालाई बीमाशुल्क रकममा देहाय बमोजिम कमिसन प्रदान गरिनेछ :-

(क) जीवन बीमामा अनुसूची -९ मा उल्लेख भए बमोजिम,

(ख) निर्जीवन बीमामा बीमाशुल्कको पाँच प्रतिशत,

(ग) लघुबीमा र स्वास्थ्य बीमामा प्राधिकरणले निर्धारण गरे बमोजिम।

(२) उपनियम (१) बमोजिमको कमिशन रकमको अतिरिक्त जीवन बीमाको प्रथम बीमशुल्कमा प्रति अभिकर्ता प्राधिकरणले निर्धारण गरेको सीमाभन्दा बढी नहुने गरी प्रोत्साहन (इन्सेन्टिभ) रकम प्रदान गर्न सकिनेछ।

तर, एकल बीमाशुल्क जीवन बीमा, संस्थागत बीमा अभिकर्ता मार्फत हुने बीमा र नेपाल सरकारले अनिवार्य गरेको बीमामा बीमा अभिकर्तालाई प्रोत्साहन (इन्सेन्टिभ) दिन पाइने छैन।

(३) उपनियम (२) बमोजिमको प्रोत्साहन (इन्सेन्टिभ) रकम प्रदान गर्दा प्रत्येक अभिकर्ता मार्फत जारी भएका बीमालेखको नवीकरण अनुपातको आधारमा अनुसूची -१० मा उल्लेख भए बमोजिमको रकम कट्टा गरेर मात्र भुक्तानी गर्नुपर्नेछ।

(४) बीमित आफै प्रत्यक्ष रुपमा बीमा गर्न आएमा बीमकले उपनियम (१) बमोजिमको कमिसनमा नबढ्ने गरी जीवन बीमाको हकमा आठ प्रतिशत र निर्जीवनको हकमा पाँच प्रतिशतसम्म बीमा शुल्कमा छुट दिन सक्नेछ।

(५) बीमकमा कम्तीमा पन्ध्र वर्षसम्म अभिकर्ता भई निरन्तर सेवा प्रवाह गरेका व्यक्तिलाई जीवन बीमकले प्राधिकरणले निर्धारण गरे बमोजिम लोयल्टी इन्सेन्टिभका रूपमा बीमा सुविधा प्रदान गर्न सक्नेछ।

(६) यस नियम बमोजिमको कमिसन तथा इन्सेन्टिभ प्राप्त गर्न बीमा अभिकर्ताको इजाजतपत्र बहाल रहेको हुनु पर्नेछ।

परिच्छेद -६

बीमा सर्भेयर

४९. **बीमा सर्भेयरको इजाजत:** (१) बीमा सर्भेयरको रूपमा कार्य गर्न नियम ५० बमोजिम योग्यता पुगेको इच्छुक व्यक्तिले आफ्नो विशेषज्ञतासँग सम्बन्धित बीमाको कुनै एक प्रकार (पोर्टफोलियो) को सर्भे इजाजतपत्रको लागि देहायका कागजातको प्रतिलिपि संलग्न गरी प्राधिकरणमा अनुसूची -६ को ढाँचामा निवेदन दिनु पर्नेछः-

(क) नागरिकताको प्रमाणपत्र,

(ख) शैक्षिक योग्यता खुल्ने कागजात,

(ग) नियम ८४ बमोजिमको परीक्षा उत्तीर्ण गरेको प्रमाणपत्र,

(घ) संस्थागत सर्भेयरको हकमा देहायका कागजात पेश गर्नु पर्नेछः-

(१) कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(२) बीमा सर्भेयर भई कार्य गर्ने उद्देश्य उल्लेख भएको प्रवन्धपत्र र नियमावलीको प्रतिलिपि,

(३) कर चुक्ताको प्रमाणपत्र,

(४) प्रचलित कानून बमोजिम कालो सूचीमा नरहेको प्रमाण,

(५) सर्भे गर्ने इजाजत लिन चाहेको बीमाको (पोर्टफोलियो) विषयसँग सम्वन्धित सर्भेयर सो संस्थामा कार्यरत रहेको प्रमाण

(२) उपनियम (१) बमोजिम प्राप्त निवेदन उपर जाँचबुझ गर्दा निजलाई बीमा सर्भेयरको इजाजतपत्र दिन उपयुक्त देखिएमा अनुसूची-७ बमोजिमको शुल्क लिई अनुसूची-११ बमोजिमको ढाँचामा इजाजतपत्र उपलब्ध गराइनेछ ।

(३) यस नियममा जुन सुकै कुरा लेखिएको भए तापनि प्रधिकरणले कृषि, पशुपन्छी, जडिबुटी, स्वास्थ्य बीमा, लघुबीमा तथा प्राधिकरणले निर्धारण गरेको अन्य कुनै विशेष प्रकृतिको बीमाको लागि क्षति मूल्याङ्कनकर्ताको व्यवस्था गर्न सक्नेछ ।

५०. **बीमा सर्भेयरको योग्यता:** (१) बीमा सर्भेयर हुन देहायको कुनै एक योग्यता हासिल गरी प्राधिकरण वा मान्यताप्राप्त संस्थाबाट बीमा सर्भेयरको तालिम प्राप्त गरेको हुनु पर्नेछ :-

(क) इन्जिनियरिङ्ग विषयमा कम्तीमा स्नातक उपाधि,

(ख) चार्टर्ड एकाउन्टेन्सी परीक्षा उत्तीर्ण,

(ग) स्नातक उपाधि हासिल गरेको र कुनै निर्जीवन, लघु निर्जीवन वा पुनर्बीमक वा प्राधिकरणमा कम्तीमा दश वर्ष अधिकृत पदमा काम गरेको,

(ख) स्नातक गरेको र अन्तर्राष्ट्रिय रूपमा मान्यताप्राप्त बीमा सम्बन्धी इन्स्टिच्युटबाट निर्जीवन बीमामा एशोसियटशिप वा सो सरहको उपाधी हासिल गरेको।

(२) संस्थागत सर्भेयरको रूपमा इजाजतपत्र प्राप्त गर्नका लागि सो कम्पनीको कार्यकारी प्रमुख वा उच्च व्यवस्थापक मध्ये कम्तीमा एक जनाले बीमा सर्भेयरको सम्बन्धित विषयको तालिम लिई परीक्षा उत्तीर्ण गरेको हुनुपर्नेछ ।

(३) संस्थागत सर्भेयरले आफूले गर्ने सर्भेसँग सम्बन्धित विषयमा सर्भेयरको इजाजतपत्र प्राप्त गरेको व्यक्तिलाई काममा लगाउनु पर्नेछ ।

५१. इन्टर्नशिप गर्नुपर्ने: बीमा सर्भेयरको इजाजत प्राप्त गर्नु अघि निवेदकले कम्तीमा तीन महिना सम्बन्धित विषयको सर्भेयर वा बीमकमा इन्टर्नशिप गर्नु पर्नेछ।

५२. बीमा सर्भेयरको इजाजतपत्र नवीकरण: (१) बीमा सर्भेयरको इजाजतपत्र नवीकरण गर्नको लागि बीमा सर्भेयरले इजाजतपत्रको अवधि समाप्त हुनु अगावै बीमा सर्भेयर भई कार्य गरेको विवरण तथा कागजात संलग्न गरी प्राधिकरणमा निवेदन पेश गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम नविकरणको लागि बीमा सर्भेयरले निवेदन दिंदा अनुसूची- ७ बमोजिमको नविकरण शुल्क प्राधिकरणले तोकेको खातामा जम्मा गरेको निस्सा समेत पेश गर्नु पर्नेछ।

(३) बीमा सर्भेयरले ऐनको दफा ९४ को उपदफा (१) बमोजिमको अवधिभित्र नवीकरणका लागि निवेदन नदिएमा अनुसूची -७ मा उल्लेख भए बमोजिम बिलम्ब शुल्क तिरी नवीकरणका लागि निवेदन पेश गर्न सक्नेछ ।

५३. सर्भेयरको वर्गीकरण: (१) बीमा सर्भेयरलाई प्राधिकरणले देहाय बमोजिम वर्गीकरण गर्नेछः-

(क) प्राधिकरणले तोकेको न्यूनतम रकम र संख्या बराबरको सर्भे गरी कम्तीमा पन्ध्र वर्ष काम गरेका सर्भेयर- "क" वर्ग,

(ख) प्राधिकरणले तोकेको न्यूनतम रकम र संख्या बराबरको सर्भे गरी कम्तीमा सात वर्ष काम गरेका सर्भेयर- "ख" वर्ग,

(ग) प्राधिकरणबाट इजाजतपत्र प्राप्त गरी खण्ड (क) र (ख) बमोजिमको योग्यता पूरा नभएको सर्भेयर - "ग" वर्ग ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि संस्थागत सर्भेयरको वर्गीकरण गरिने छैन ।

५४. सर्भे गर्न पाउने सीमा: सर्भेयरले गर्न पाउने सर्भेको सीमा प्राधिकरणले निर्धारण गरे बमोजिम हुनेछ ।

५५. <u>सर्भेयरको पारिश्रमिक</u>: सर्भेयरको पारिश्रमिक प्राधिकरणले निर्धारण गरेको मापदण्डको आधारमा बीमकले तोक्न सक्नेछ ।

परिच्छेद -७

बीमा दलाल

५६. <u>बीमा दलालको इजाजतपत्र</u>: (१) बीमा दलालको ईजाजातपत्र लिन चाहने व्यक्तिले देहायका कागजात संलग्न गरी प्राधिकरणमा अनुसूची-६ बमोजिमको ढाँचामा निवेदन पेश गर्नु पर्नेछः-

(क) संगठित संस्था दर्ता भएको प्रमाण,

(ख) प्रवन्धपत्र र नियमावली,

(ग) सम्भाव्यता अध्ययन प्रतिवेदन,

(घ) संगठित संस्थाको प्रमुख कार्यकारीको व्यक्तिगत विवरण तथा योग्यता खुल्ने कागजात।

(२) बीमा दलालको लागि इजाजपत्र दस्तुर र नवीकरण दस्तुर अनुसूची-७ मा उल्लेख भए बमोजिम हुनेछ ।

(३) बीमा दलालको न्यूनतम चुक्ता पूँजी प्राधिकरणले निर्धारण गरे बमोजिम हुनेछ।

(४) उपनियम (१) बमोजिम प्राप्त निवेदन उपर जाँचबुझ गर्दा निजलाई बीमा दलालको इजाजतपत्र दिन उपयुक्त देखिएमा अनुसूची -१२ बमोजिमको ढाँचामा इजाजतपत्र उपलब्ध गराइनेछ ।

५७. <u>बीमा दलालको योग्यता</u>: बीमा दलाल हुन ऐनको दफा ९२ को उपदफा (३) को अतिरिक्त देहायका योग्यता तथा शर्त पुरा गरेको हुनुपर्नेछः-

(क) प्रचलित कानून बमोजिम कम्पनीको रूपमा दर्ता भएको,

(ख) मुख्य व्यवस्थापकले स्नातकोत्तर उपाधि हासिल गरेको,

(ग) प्रचलित कानून बमोजिम मुख्य व्यवस्थापक भई कार्य गर्ने व्यक्ति तथा बीमा दलाल भई कार्य गर्ने संस्था कालोसूचीमा नरहेको ।

५८. <u>बीमा दलालको प्रकार</u>: बीमा दलालको प्रकार देहाय बमोजिम हुनेछः-

(क) प्रत्यक्ष बीमा दलाल,

(ख) पुनर्बीमा दलाल,

(ग) संयुक्त बीमा दलाल ।

५९. <u>विवरण पेश गर्नुपर्ने</u>: बीमा दलालले आफूले गरेको काम कारवाहीको वार्षिक विवरण आर्थिक वर्ष समाप्त भएको मितिले साठी दिन भित्र प्राधिकरणमा पेश गर्नु पर्नेछ

परिच्छेद - ८

तेस्रो पक्ष सहजकर्ता

६०. <u>पूर्वस्वीकृति लिनुपर्ने</u>: (१) तेस्रो पक्ष सहजकर्ताको इजाजत लिन इच्छुक व्यक्ति वा संस्थाले प्रचलित कानून बमोजिम दर्ता हुनु अघि प्राधिकरणबाट पूर्वस्वीकृति लिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम निवेदन दिंदा प्राधिकरणले तोकेको बैंक खातामा दश हजार रुपैया दस्तुर बुझाएको निस्सा समेत पेश गर्नु पर्नेछ।

६१. <u>इजाजत सम्बन्धी व्यवस्था</u>: (१) तेस्रो पक्ष सहजकर्ताको कार्य गर्न प्रचलित कानून बमोजिम स्थापना भएको कम्पनी हुनु पर्नेछ।

(२) तेस्रो पक्ष सहजकर्ताको इजाजत प्राप्त गर्न पेश गर्नु पर्ने निवेदनको ढाँचा अनुसूची-६ बमोजिम हुनेछ ।

(३) तेस्रो पक्ष सहजकर्ताको न्यूनतम चुक्ता पूँजी तथा पेश गर्नु पर्ने कागजात प्राधिकरणले निर्धारण गरे बमोजिम हुनेछ ।

(४) उपनियम (२) र (३) बमोजिम प्राप्त निवेदन र कागजात उपर जाँचबुझ गर्दा निजलाई तेस्रो पक्ष सहजकर्ताको इजाजतपत्र दिन उपयुक्त देखिएमा अनुसूची -१३ बमोजिमको ढाँचामा इजाजतपत्र उपलब्ध गराइनेछ ।

(५) तेस्रो पक्ष सहजकर्ताको इजाजत र नवीकरण शुल्क अनुसूची -७ मा उल्लेख भए बमोजिम हुनेछ ।

६२. <u>तेस्रो पक्ष सहजकर्ताको योग्यता</u>: (१) तेस्रो पक्ष सहजकर्ताको मुख्य व्यवस्थापक भई कार्य गर्ने व्यक्ति स्नातक उपाधि हासिल गरेको हुनु पर्नेछ ।

(२) तेस्रो पक्ष सहजकर्ताको कार्य गर्ने संस्थामा नेपाल मेडिकल काउन्सिलमा दर्ता भएको चिकित्सक कार्यरत हुनु पर्नेछ ।

६३. <u>सम्झौता गर्नुपर्ने</u>: (१) तेस्रो पक्ष सहजकर्ताको कार्य गर्नु अघि बीमकसँग लिखित सम्झौता गरी प्राधिकरणमा पेश गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको सम्झौतामा तेस्रो पक्ष सहजकर्ताले उपलब्ध गराउने सेवा, शर्त र सुविधा उल्लेख भएको हुनु पर्नेछ ।

६४. <u>विवरण पेश गर्नुपर्ने</u>: तेस्रो पक्ष सहजकर्ताले आफूले गरेको काम कारवाहीको वार्षिक विवरण आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र प्राधिकरणमा पेश गर्नु पर्नेछ।

६५. <u>पूर्वस्वीकृति लिनु पर्ने:</u> (१) विदेशी बीमा सर्भेयर, बीमा दलाल तथा तेस्रो पक्ष सहजकर्ताले नेपालमा शाखा कार्यालय खोली वा संयुक्त लगानीमा कम्पनी स्थापना गरी कार्य गर्न प्राधिकरणको पूर्वस्वीकृति लिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको पूर्वस्वीकृति लिने सम्बन्धी अन्य व्यवस्था प्राधिकरणले निर्धारण गरे बमोजिम हुनेछ।

परिच्छेद - ९
अन्य बीमा सेवा प्रदायक

६६. <u>दाबी अन्वेषक:</u> (१) बीमा दाबी बीमालेख अनुरूप भए नभएको, बीमामा छलकपट वा जालसाजी भए नभएको छानवीन गर्नका लागि बीमकले दाबी अन्वेषकलाई नियुक्त गर्न सक्नेछ ।

(२) दाबी अन्वेषकको इजाजत तथा योग्यता सम्बन्धी व्यवस्था प्राधिकरणले निर्धारण गरे बमोजिम हुनेछ ।

६७. <u>अन्डरराइटर:</u> (१) बीमायोग्य व्यक्ति तथा सम्पत्तिमा निहित जोखिमको विश्लेषण गरी जोखिमांकन गर्न सो विषयमा विज्ञता भएको व्यक्ति तथा संस्थाले निवेदन पेश गरेमा प्राधिकरणले अन्डरराइटरको इजाजत प्रदान गर्न सक्नेछ ।

(२) अन्डरराइटरको इजाजत तथा योग्यता सम्बन्धी अन्य व्यवस्था प्राधिकरणले निर्धारण गरे बमोजिम हुनेछ ।

६८. <u>वेभ एग्रीगेटर:</u> (१) बीमकले उपलब्ध गराउने बीमालेखको विशेषता तथा बीमाशुल्क समेतको तुलनात्मक विश्लेषण गरी उपयुक्त बीमालेख छनौट गर्न सहयोग गर्ने उद्देश्यले कुनै संस्थाले निवेदन पेश गरेमा प्राधिकरणले वेब एग्रीगेटरको इजाजत प्रदान गर्न सक्नेछ ।

(२) वेभ एग्रीगेटरको दर्ता तथा व्यवसाय सञ्चालन सम्बन्धी अन्य व्यवस्था प्राधिकरणले निर्धारण गरे बमोजिम हुनेछ ।

६९. <u>बीमालेख निर्माता (प्रोडक्ट डेभलपर):</u> बीमा क्षेत्रमा उपयुक्त बीमालेख तयार गर्ने संस्थालाई प्राधिकरणले बीमालेख निर्माता (प्रोडक्ट डेभलपर) को इजाजतपत्र प्रदान गर्न सक्नेछ ।

(२) प्रोडक्ट डेभलपरको इजाजत तथा योग्यता सम्बन्धी अन्य व्यवस्था प्राधिकरणले निर्धारण गरे बमोजिम हुनेछ ।

<u>स्पष्टीकरण:</u> यस नियमको प्रयोजनको लागि "बीमालेख निर्माता" भन्नाले बीमालेखको विकास (प्रोडक्ट डेभलप) गर्न आवश्यक अनुसन्धान तथा तथ्यांकको विश्लेषण गरी बीमालेख तयार गर्ने इजाजतप्राप्त व्यक्ति वा संस्थालाई सम्झनु पर्छ ।

७०. विदेशी अन्य बीमा सेवा प्रदायक: विदेशी अन्य बीमा सेवा प्रदायकले नेपालमा शाखा कार्यालय खोली वा संयुक्त लगानीमा कम्पनी स्थापना गरी कार्य गर्न प्राधिकरणको पूर्वस्वीकृति लिनु पर्नेछ ।

७१. शुल्क सम्बन्धी व्यवस्था: अन्य बीमा सेवा प्रदायकको इजाजत शुल्क, नवीकरण शुल्क र विलम्ब शुल्क अनुसूची -१४ मा उल्लेख भए बमोजिम हुनेछ ।

परिच्छेद -१०

दावी भुक्तानी सम्बन्धी व्यवस्था

७२. जीवन बीमाको दावी फस्यौंट: (१) बीमकले जीवन बीमा परिपक्व हुनुभन्दा सात दिन अगावै त्यस्तो जीवन बीमाको दावी भुक्तानीको लागि बीमित वा बीमालेख धारकको नाममा लिखित सूचना जारी गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम बीमित वा बीमालेख धारकले जीवन बीमाको दावी भुक्तानीको निमित्त कागजातहरु बीमकसमक्ष पेश गरेमा बीमकले आवश्यक जाँचबुझ गरी जीवन बीमालेखको अवधि भुक्तान भएको सात दिनभित्र निजलाई जीवन बीमाको दावी भुक्तानी दिनु पर्नेछ ।

(३) कुनै जीवन बीमालेखको अवधि समाप्त हुनु अगावै सो बीमालेख लिने बीमितको मृत्यु भएमा ऐनको दफा १२७ बमोजिम भुक्तानी पाउने व्यक्तिले त्यस्तो जीवन बीमाको रकम लिनको लागि देहायका विवरणहरु खुलाई दावी भुक्तानीको निवेदन बीमकसमक्ष पेश गर्नु पर्नेछ:-

(क) दावी सम्वन्धी विवरण,
(ख) बीमितको मृत्यु दर्ता प्रमाणपत्र,
(ग) दुर्घटनाबाट बीमितको मृत्यु भएकोमा मृत्युको कारण सम्वन्धमा शव परीक्षणको प्रतिवेदन र सो नभए प्रहरी प्रतिवेदन,
(घ) बीमितसँगको नाता प्रमाणपत्र,
(ङ) उमेर प्रमाणित नभएको अवस्थामा उमेर प्रमाणित गर्ने कागजातहरु ।

(४) उपनियम (३) बमोजिमको निवेदन प्राप्त भएपछि बीमकले जीवन बीमा दावीको सम्वन्धमा पेश भएका कागजात समेतका विवरणहरु छानवीन गरी आवश्यक भए अन्य कुराहरु समेत बुझी आफूसमक्ष त्यस्ता कागजात प्राप्त भएको मितिले पन्ध्र दिनभित्र दायित्व निर्धारण गरी दाबी भुक्तानी लिन आउनको निमित्त निवेदकको नाममा सूचना जारी गर्नु पर्नेछ।

(४) उपनियम (४) बमोजिम जारी गरेको सूचनामा निवेदकले सहमति जनाएमा तीन कार्य दिनभित्र बीमकले दावी भुक्तानी गर्नुपर्नेछ ।

७३. निर्जीवन बीमाको दाबी फस्यौंटः (१) बीमा गरिएको जोखिमको कारणले बीमा गरिएको वस्तुमा क्षति भएको खण्डमा बीमालेखमा उल्लेख भएकोमा सोहि बमोजिम र अन्यको हकमा यथासम्भव छिटो वा क्षतिको प्रमाण नष्ट हुनु अगावै वा निरन्तर क्षति भइरहेको अवस्था भएमा सम्भव भएसम्म त्यसरी क्षति भइरहेको अवधिभित्रै बीमितले बीमकलाई टेलिफोन, एसएमएस, इमेल, फयाक्स, लिखित पत्र वा अन्य कुनै भौतिक वा विद्युतीय माध्यमबाट खबर वा जानकारी गराउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम क्षतिको खबर वा जानकारी प्राप्त गरेपछि दावी सहजीकरण गर्न र बीमितलाई सहयोग गर्न बीमकले तुरुन्त कर्मचारी वा प्रतिनिधि खटाउनु पर्नेछ ।

()३ बीमकले बीमितसंग (दाबी फाराम सहित आवश्यक कागजात एकमुष्ठ माग गर्नु पर्नेछ।

(४) उपनियम) १बमोजिम बीमा दावी (को खबर वा जानकारी प्राप्त भएपछि बीमक आफैंले क्षति मूल्याङ्कन गर्ने अवस्थामा बाहेक बढीमा सात दिन भित्र सर्भेयरलाई खटाई सो को जानकारी बीमितलाई समेत दिनु पर्नेछ ।

)५ (उपनियम (४) बमोजिम खटिएको सर्भेयरले आवश्यक जाँचबुझ गरी निर्जीवन बीमाको किसिम बमोजिम प्राधिकरणले निर्धारण गरेको अवधिभित्र बीमकको दायित्वको निर्धारण गरी विस्तृत विवरण सहितको प्रतिवेदन बीमक समक्ष पेश गर्नु पर्नेछ र बीमालेखको शर्त र सुविधाको अधीनमा रही बीमितले पाउने रकम उल्लेख गरी सोको जानकारी बीमितलाई दिनु पर्नेछ।

(६) सर्भेयरले बीमा गरिएको वस्तुको क्षति स्पष्ट रूपमा देखिने गरी विभिन्न कोणबाट खिचेको फोटो र भिडियो क्षति मूल्याङ्कन प्रतिवेदनसङ्ग संलग्न गर्नु पर्नेछ ।

(७) उपनियम (५) बमोजिम सर्भेयरले प्रतिवेदन पेश गरेको सात दिनभित्र बीमकले दाबी फस्यौंट गर्नु पर्नेछ र दावी भुक्तानी गर्नु नपर्ने भएमा कारण सहित सोही अवधिभित्र दाबीकर्तालाई लिखित जानकारी दिनु पर्नेछ।

(८) उपनियम (७) बमोजिमको जानकारी बीमितले बुझी लिएको प्रमाण बीमकले सुरक्षित राखु पर्नेछ ।

(९) उपनियम (४) बमोजिम नियुक्त सर्भेयरले गरेको काम उपयुक्त नदेखिई अर्को सर्भेयर खटाउनु पर्ने भएमा बीमकले सोको स्पष्ट आधार र कारण खुलाई प्राधिकरण समक्ष स्वीकृतिको लागि पेश गर्नु पर्नेछ ।

(१०) उपनियम (९) बमोजिमकको कारण मनासिब देखिएमा प्राधिकरणले अर्को सर्भेयर नियुक्ति गर्न स्वीकृति दिन सक्नेछ ।

(११) यस नियममा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै खास बीमा दावीको क्षति मूल्याङ्कन गर्न नेपालमा इजाजत प्राप्त सर्भेयर उपलब्ध हुन नसकी विदेशी सर्भेयर नियुक्त गर्नुपर्ने भएमा सोको स्पष्ट आधार र कारण खुलाई प्राधिकरणमा स्वीकृतिको लागि निवेदन दिनु पर्नेछ ।

(१२) उपनियम (११) बमोजिम निवेदन प्राप्त भएमा विदेशी सर्भेयरले इजाजतपत्र प्राप्त नेपाली सर्भेयरसँग संयुक्त सर्भे गर्ने गरी प्राधिकरणले स्वीकृति दिन सक्नेछ ।

(१३) बीमक आफैले क्षति मूल्याङ्कन गर्ने अवस्थामा प्राधिकरणले निर्धारण गरेको अवधि भित्र क्षति मूल्याङ्कन गर्नु पर्नेछ।

(१४) बीमकले दावी भुक्तानी गर्दा घटना घटेको समयमा भएको वास्तविक क्षति वा बीमाङ्क रकम जुन कम हुन्छ सो बराबरको रकम मात्र दावी भुक्तानी गर्नु पर्नेछ ।

(१५) यस नियममा जुनसुकै कुरा लेखिएको भए तापनि महाविपत्ति घोषणा भएको क्षेत्रमा त्यस्तो अवधिभर प्राधिकरणले दावी भुक्तानी सम्बन्धी संक्षिप्त कार्यविधि बनाई लागू गर्न सक्नेछ ।

१)६ काबु बाहिरको परिस्थिति परी तोकिएको समयभित्र बीमकले (सर्भेयर खटाउन वा खटाइएको सर्भेयरले क्षति मूल्याङ्कन प्रतिवेदन बीमक समक्ष पेश गर्न नसकेमा बीमितको सहमतिमा थप समय प्रदान गर्न सकिनेछ र सो को जानकारी प्राधिकरणमा दिनु पर्नेछ।

(१७) कुनै बीमा दावी शंकास्पद देखिएमा बीमकले आवश्यकता अनुसार दावी अन्वेषक खटाउन सक्नेछ र सो को जानकारी प्राधिकरणलाई दिनु पर्नेछ।

तर दावी अन्वेषक खटाएको कारणले दावी भुक्तानी गर्न उपनियम (७) मा उल्लिखित अवधि भन्दा ढिलो गर्न पाइने छैन ।

७४. <u>लघुबीमाको दावी सम्बन्धी व्यवस्था</u>: (१) ऐनको दफा ७८ बमोजिम रितपूर्वक पेश हुन आएको लघु बीमा दावीको बीमकले तत्काल छानविन गरी दावी भुक्तानी प्रक्रिया अगाडि बढाउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको दावी भुक्तानी प्रक्रियाको लागि बीमित वा बीमालेख धारकले बीमक वा संस्थागत अभिकर्ता समक्ष देहाय बमोजिमका कागजात पेश गर्नु पर्नेछः-

(क) बीमा दावी फाराम,

(ख) सम्पत्ति क्षति भएको वा दायित्व सिर्जना भएको प्रमाण,

(ग) आपराधिक घटना घटेको भए प्रहरी प्रतिवेदन,

(घ) प्राधिकरणले निर्धारण गरे बमोजिमका अन्य कागजात।

(३) बीमकले लघु बीमाको दाबी भुक्तानी गर्दा प्राधिकरणले निर्धारण गरेको सीमा सम्मको रकमको हकमा सामूहिक जमानीलाई आधार मानी दाबी भुक्तानी गर्न सक्नेछ।

(४) बीमकले यस नियम बमोजिम दाबी भुक्तानी गर्दा प्राधिकरणले निर्धारण गरेको बीमाङ्क रकमसम्मको दाबी भुक्तानी संस्थागत लघु बीमा अभिकर्ता मार्फत भुक्तानी गर्न सक्नेछ।

७५. पुनर्बीमाको दाबी भुक्तानीः (१) पुनर्बीमाको दाबी भुक्तानी पुनर्बीमा सम्बन्धी करारको आधारमा गर्नुपर्नेछ ।

(२) पुनर्बीमकले आवश्यक ठानेमा पुनर्बीमा करारमा उल्लेख गरी क्षति मूल्याङ्कन गर्न सर्भेयर खटाउन सक्नेछ ।

७६. सानो रकम तथा स्पष्ट क्षति वा हानि नोक्सानीको दाबी भुक्तानीः बीमकले ऐनको दफा १२५ बमोजिम सानो रकमको दाबी वा दफा १२६ बमोजिम स्पष्ट क्षति वा हानि नोक्सानीको बीमा दाबी भुक्तानी गर्दा दाबी सम्बन्धी आवश्यक कागजात प्राप्त भएको सात दिनभित्र फर्स्यौट गर्नु पर्नेछ ।

७७. हितग्राही पहिचान सम्बन्धी व्यवस्थाः बीमकले दाबी भुक्तानी गर्दा हितग्राही प्रचलित कानून बमोजिम योग्य व्यक्ति भए नभएको पहिचान गर्नुपर्नेछ ।

७८. जानकारी दिनुपर्नेः (१) बीमकले बीमा दाबी भुक्तानी गर्नु नपर्ने भएमा सो को कारण सहित सात दिन भित्र दाबीकर्तालाई लिखित जानकारी दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम दिएको जानकारी सम्बन्धित व्यक्तिले प्राप्त गरेको प्रमाण सुरक्षित राख्नु पर्नेछ ।

(३) दाबी भुक्तानी गर्न नपर्ने बीमालेखको हकमा दाबी भुक्तानी दिन नमिल्ने भए सोको कारण सहित त्रैमासिक रूपमा उक्त अवधि समाप्त भएको तीस दिनभित्र प्राधिकरणमा जानकारी पेश गर्नु पर्नेछ ।

७९. दाबी नगरिएको रकमः (१) ऐनको दफा १२३ को प्रयोजनको लागि एक वर्ष भित्र बीमा दाबी भुक्तानी हुन नसकेमा उक्त दाबी नगरिएको रकम बीमकले अन्क्लेम्ड फण्डमा जम्मा गर्नुपर्नेछ ।

(२) जीवन बीमकको हकमा उपनियम (१) बमोजिमको रकम दश वर्षसम्म बीमित वा निजको हकवालालाई भुक्तानी हुन नसकेमा सो रकम बीमिति हित संरक्षण कोषमा जम्मा गर्नुपर्नेछ।

(३) निर्जीवन बीमकको हकमा उपदफा (१) बमोजिमको रकम दश वर्षसम्म बीमित वा निजको हकवालालाई भुक्तानी हुन नसकेमा सो रकमको प्रयोग प्राधिकरणले दिएको निर्देशन बमोजिम गर्नुपर्नेछ ।

परिच्छेद -११

उजुरी तथा सुनुवाई

८०. उजुरी सम्बन्धी व्यवस्थाः (१) विमितले ऐनको दफा १२८ वा १२९ बमोजिम प्राधिकरणमा उजुरी गर्दा अनुसूची -१५ को ढाँचामा पेश गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको उजुरीमा सम्बन्धित उजुरवालाको हकदैया पुगेको हुनु पर्नेछ।

(३) ऐनको दफा १२९ बमोजिम उजुरी गर्न हानी नोक्सानीमा परेको पक्षले तीन महिनाभित्र उजुरी गर्नु पर्नेछ ।

(४) उपनियम (१) बमोजिमको उजुरीमा प्राधिकरणले रीत पुगे वा नपुगेको जाँच गरी रीत पुगेको भए दायरी किताबमा दर्ता गर्नुपर्नेछ ।

(५) उपनियम (४) बमोजिम रित नपुगेका उजुरीको हकमा तीन दिनभित्र रित पुऱ्याई ल्याउन उजुरकर्तालाई उजुरी फिर्ता दिनु पर्नेछ र सो अवधिभित्र उजुरीकर्ताले रित पुऱ्याई ल्याएमा उजुरी दर्ता गर्नु पर्नेछ ।

(६) उपनियम (२) बमोजिम हकदैया नपुगेको वा उपनियम (५) बमोजिमको अवधिभित्र रीत पुऱ्याई उजुरी नल्याएमा सम्बन्धित अधिकारीले कारण खुलाई दरपीठ गर्न सक्नेछ ।

(७) उपनियम (६) बमोजिमको दरपीठ सम्बन्धी निर्णयमा चित्त नबुझेमा उजुरीवालाले अध्यक्ष समक्ष निवेदन गर्न सक्नेछ ।

(८) उपनियम (४) वा (५) बमोजिम उजुरी दर्ता भएको एक हप्ताभित्र ऐनको दफा १२८ को उपदफा (२) बमोजिमको म्याद दिइ प्रतिउत्तर पेश गर्न बीमकलाई वा सम्बन्धित पक्षलाई सूचना पठाउनु पर्नेछ।

(९) उपनियम (८) बमोजिम प्रधिकरणमा प्रतिउत्तर पेश गर्दा अनुसूची-१६ बमोजिमको ढाँचामा पेश गर्नु पर्नेछ

(१०) उपनियम (४) बमोजिम दर्ता हुन आएका उजुरी उपर प्राधिकरणले तारिख तोकी कारवाही तथा सुनुवाई गर्नु पर्नेछ ।

(११) प्राधिकरणले बीमा दाबी सम्बन्धी उजुरीको सम्बन्धमा पेश हुन आएका कागज प्रमाणको आधिकारिकता बुझ्न आवश्यक देखेमा सम्बन्धित निकाय समक्ष लेखी पठाउन वा सो सम्बन्धी विशेषज्ञको राय लिन सक्नेछ ।

(१२) प्राधिकरणले उजुरीको सुनुवाई खुला र पारदर्शी रुपमा गर्नु पर्नेछ ।

(१३) यस नियम बमोजिमको उजुरीको सम्बन्धमा विवादका पक्षले कानून व्यवसायी तथा वारेस मार्फत प्राधिकरण समक्ष प्रतिनिधित्व गर्न सक्नेछ ।

(१४) उजुरीको सुनुवाई वा निर्णय गर्दा पक्षहरुको उपस्थितिमा गर्नु पर्नेछ ।

तर सुनुवाईका लागि तोकिएको तारिखका दिन कुनै पक्ष उपस्थित नभए पनि उजुरीको सम्बन्धमा निर्णय गर्न वाधा पुगेको मानिने छैन ।

(१५) उजुरीको सुनुवाई गर्ने अधिकारीले आफ्नो वा आफ्नो नजिकको नातेदारको हक, हित वा सरोकार रहेको उजुरीको कारवाही, सुनुवाई र किनारा गर्नु हुदैन ।

स्पष्टीकरण: यस उपनियमको प्रयोजनको लागि "नजिकको नातेदार" भन्नाले अपुताली खुला हुँदा कानून बमोजिम अपुताली प्राप्त गर्न सक्ने प्राथमिकताक्रममा रहेको व्यक्ति, मामा, माईजु, सानीआमा, ठूलीआमा, सानोबाबु, ठूलोबाबु, पति वा पत्नी तर्फका सासू, ससुरा, फुपू, फुपाजु, साला, जेठान, साली, दिदी, बहिनी, भिनाजु, बहिनी ज्वाई, छोरी ज्वाई, भान्जा, भान्जी, भान्जी ज्वाई, भान्जी बुहारी तथा त्यस्तो नाताका व्यक्तिको परिवारको सदस्य सम्झनु पर्छ ।

८१. कागज प्रमाण बुझ्ने: प्राधिकरणले आफू समक्ष परेका उजुरीको सुनुवाईको क्रममा आवश्यक देखिएमा सम्बन्धित पक्षलाई कागज पेश गर्न लगाउने तथा मुचुल्काको रोहबरमा बसेको व्यक्तिलाई बुझ्न सक्नेछ ।

८२. निर्णय वा आदेश कार्यान्वयन सम्बन्धी व्यवस्था: (१) प्राधिकरणले आफू समक्ष परेका उजुरीको छ महिनाभित्र निर्णय गरिसक्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम निर्णय भएको पन्ध्र दिनभित्र अनुसूची -१७ बमोजिमको ढाँचामा निर्णय वा आदेश तयार गर्नु पर्नेछ र त्यसरी तयार भएको निर्णय कार्यान्वयनका लागि सात दिनभित्र प्राधिकरणले सम्बन्धित पक्षलाई लेखी पठाउनु पर्नेछ ।

(३) ऐनको दफा १२८ को उपदफा (५) वा १२९ को उपदफा (५) बमोजिम बमोजिम पुनरावेदन परी निर्णय अन्तिम भएको अवस्थामा कुनै पक्षले प्राधिकरणमा निर्णय कार्यन्वयनका लागि निवेदन दिन सक्नेछ ।

(४) उपनियम (२) बमोजिमको निर्णयको कार्यन्वयन गर्न प्राधिकरणले सम्बन्धित पक्षलाई लेखी पठाउनु पर्नेछ ।

८३. बीमा मध्यस्थता: (१) ऐनको दफा १३० बमोजिम मध्यस्थता गर्नको लागि ऐनको दफा ६ को उपदफा (१) को खण्ड (ग) बमोजिमको सदस्यको संयोजकत्वमा प्राधिकरणको

कार्यकारी निर्देशक र सम्बन्धित विभागको विभागीय प्रमुख सदस्य रहने गरी तीन सदस्यीय मध्यस्थता समिति रहनेछ ।

(२) मध्यस्थता समितिका संयोजक तथा सदस्यले आफ्नो स्वार्थ बाझिने विषय वा पक्षहरू रहेछन् भने मध्यस्थता समितिलाई जानकारी गराई निर्णय प्रक्रियाबाट अलग हुनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम मध्यस्थता समितिका संयोजक वा कुनै सदस्य मध्यस्थ समितिबाट अलग हुने भएमा संयोजकको हकमा प्राधिकरणले अर्को कुनै सदस्यलाई र सदस्य अलग हुने भएमा प्राधिकरणको कुनै वरिष्ठ कर्मचारीलाई तोक्नेछ ।

(४) उपनियम (१) बमोजिमको मध्यस्थ समितिले मध्यस्थता सम्बन्धी कार्य गर्दा मध्यस्थता सम्बन्धी प्रचलित कानून बमोजिमको अधिकार प्रयोग गर्नेछ ।

परिच्छेद -१२

विविध

८४. बीमा मध्यस्थकर्ताको परीक्षा: (१) प्राधिकरण आफैंले वा कुनै संस्था मार्फत बीमा अभिकर्ता, बीमा सर्भेयर, तेस्रो पक्ष सहजकर्ता वा बीमा दलालको इजाजतपत्र दिने प्रयोजनको लागि परीक्षा सञ्चालन गर्नेछ ।

(२) बीमा अभिकर्ता, बीमा सर्भेयर, तेस्रो पक्ष सहजकर्ता वा बीमा दलालको इजाजतपत्र लिन इच्छुक व्यक्ति वा संस्थाको मुख्य व्यवस्थापकले प्राधिकरणले सञ्चालन गरेको उपनियम (१) बमोजिमको सम्बन्धित विषयको परीक्षा उत्तीर्ण गरेको हुनु पर्नेछ ।

(३) बीमा अभिकर्ता, बीमा सर्भेयर, तेस्रो पक्ष सहजकर्ता वा बीमा दलालको लागि लिइने परीक्षाको पाठ्यक्रम, उतिर्णाङ्क तथा परीक्षा सम्बन्धी अन्य व्यवस्था प्राधिकरणले निर्धारण गरे बमोजिम हुनेछ ।

८५. बीमा मध्यस्थकर्ताको इजाजत खारेजी: (१) बीमा अभिकर्ता, बीमा सर्भेयर, तेस्रो पक्ष सहजकर्ता, बीमा दलाल वा अन्य बीमा अभिकर्ताले स्वेच्छिक रुपमा इजाजतपत्र खारेजीको लागि प्राधिकरण समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम निवेदन दिंदा देहायका विवरण समेत पेश गर्नु पर्नेछ:-

(क) बीमा मध्यस्थकर्ता सम्बद्ध बीमकले त्यस्तो मध्यस्थकर्ताको कुनै दायित्व नरहेको भनी गरेको सिफारिसपत्र,

(ख) इजाजतपत्रको सक्कल प्रति ।

(३) उपनियम (२) बमोजिम पेश भएको निवेदन उपरको जाँचबुझ गर्दा उपयुक्त देखिएको र प्राधिकरणमा निजले बुझाउनु पर्ने कुनै दायित्व समेत रहेको नदेखिएमा प्राधिकरणले त्यस्तो इजाजत खारेज गर्नेछ ।

८६. <u>नियमन शुल्कः</u> (१) ऐनको दफा ७९ र १०० बमोजिमको नियमन शुल्क बीमकले प्रत्येक त्रैमासिक अवधि समाप्त भएको तीस दिनभित्र प्राधिकरणमा बुझाउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम बीमकले नियमन शुल्क नबुझाएमा बुझाउन बाँकी रहेको शुल्कको वार्षिक दश प्रतिशतका दरले हुन आउने रकम व्याज बापत प्राधिकरणमा बुझाउनु पर्नेछ ।

(३) बीमकले आर्जन गरेको कूल बीमाशुल्कमा बीमकको अन्तिम लेखापरीक्षण पश्चात तयार भएको वित्तीय विवरणमा फरक पर्न गएमा त्यसरी फरक पर्न गएको रकम प्राधिकरणले मिलान गर्नु पर्नेछ ।

(४) ऐनको दफा १०० को उपदफा (२) बमोजिमको नियमन् शुल्क बीमा मध्यस्थकर्ताको हकमा अनुसूची-७ मा उल्लेख भए बमोजिम र अन्य बीमा सेवा प्रदायकको हकमा अनुसूची-१४ मा उल्लेख भए बमोजिम हुनेछ ।

(५) उपनियम (४) बमोजिमको नियमन शुल्क प्रत्येक पटक इजाजत नवीकरण गर्दा बुझाउनु पर्नेछ ।

८७. <u>गाभ्ने, गाभिने र प्राप्ति सम्बन्धी अन्य व्यवस्थाः</u> (१) ऐनको दफा ११४ बमोजिम गाभ्न वा गाभिन वा दफा ११६ बमोजिम प्राप्ति गर्न चाहेमा त्यस्तो बीमक ले आफ्नो सञ्चालक समितिबाट निर्णय गरी सैद्धान्तिक स्वीकृतिका लागि देहायका कुरा खुलाई प्राधिकरणमा संयुक्त रुपमा निवेदन दिनु पर्नेछः-

(क) बीमक एक आपसमा गाभ्नु, गाभिनु वा प्राप्ति गर्नुको आवश्यकता तथा औचित्य, सोबाट बीमा क्षेत्रमा पर्ने असरको सामान्य प्रक्षेपण,

(ख) गाभ्ने र गाभिने वा प्राप्ति गर्ने दुवै बीमकको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वित्तीय विवरण,

(ग) कर्जा लिएका साहुहरुको हित सुरक्षार्थ गरिएको व्यवस्था,

(घ) गाभिने बीमकको चल अचल सम्पत्ति र दायित्वको भुक्तानी अवधि सहितको यथार्थ विवरण,

(ङ) बीमकका कर्मचारीको व्यवस्थापनको विवरण,

(च) गाभ्ने र गाभिने वा प्राप्तिका लागि प्रचलित कम्पनी तथा धितोपत्र सम्बन्धी कानून बमोजिमको स्वीकृति,

(छ) बीमकहरुले गाभ्ने, गाभिने वा प्राप्ति सम्बन्धी गरेको प्रारम्भिक सम्झौतापत्र,

(ज) प्राधिकरणले निर्धारण गरेका अन्य विषय ।

(२) उपनियम (१) बमोजिम सैद्धान्तिक सहमति प्राप्त गरेका बीमकले आ-आफ्नो सम्पति र दायित्वको मूल्याङ्कन गर्नु अघि बीमा सम्वन्धी दायित्वको बीमाङ्कीय मूल्याङ्कन गर्नुपर्नेछ ।

(३) गाभ्ने, गाभिने तथा प्राप्तिका लागि स्वीकृति प्राप्त गरेका बीमकलाई प्राधिकरणले आवश्यकता र औचित्यका आधारमा अवधि तोकी छुट सुविधा दिन सक्नेछ।

(४) प्राधिकरणले बीमा सम्बन्धी व्यवसायलाई व्यवस्थित गर्न बीमकहरुको बीचमा गाभ्ने, गाभिने तथा प्राप्तिकाको लागि प्रोत्साहन गर्न बीमकलाई आवश्यक छुट सुविधा दिन सक्नेछ ।

८८. गोपनीयताः अध्यक्ष, सञ्चालक, प्राधिकरणका कर्मचारी, परामर्शदाता, बीमकको सञ्चालक, कार्यकारी प्रमुख, कर्मचारी, लेखापरीक्षक, परामर्शदाता, मध्यस्थकर्ता वा प्रतिनिधिले देहायको काम गर्न पाउने छैनः-

(क) पदीय रूपमा काम गर्दा प्राप्त हुन आएको कुनै प्रकाशित वा अप्रकाशित गोप्य जानकारी वा सूचना कसैलाई दिन, भन्न, सार्वजनिक गर्न,

(ख) त्यस्तो जानकारी वा सूचना निजी लाभको लागि प्रयोग गर्न ।

तर सार्वजनिक रूपमा कर्तव्य पालना गर्दा, कानून कार्यान्वयन गर्ने निकायलाई सहयोग गर्दा, अदालतको आदेशले वा सक्षम अधिकारीको आदेशको कारणबाट त्यस्तो सूचना प्रकाशमा ल्याएकोमा गोपनियता भङ्ग गरेको मानिने छैन ।

८९. कानून अधिकृत नियुक्त गर्नुपर्नेः बीमकले नेपालभित्रको आफ्नो प्रधान कार्यालयमा पूरा कार्यालय समय काम गर्ने एक कानून अधिकृत नियुक्त गर्नु पर्नेछ ।

९०. बीमित हित संरक्षण कोषः (१) ऐनको दफा १५० बमोजिमको बीमित हित संरक्षण कोष सञ्चालन तथा व्यवस्थापनको लागि प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून बमोजिम इजाजतपत्र प्राप्त "क" वर्गको बाणिज्य बैंकमा छुट्टै खाता खोली कारोबार सञ्चालन गर्नु पर्नेछ।

(२) बीमित हित संरक्षण कोषको रकमको प्रयोग देहाय बमोजिम हुनेछः-

(क) बीमक खारेजी वा दामासाहीमा परेको अवस्थामा बीमकको सम्पत्तिबाट बीमितलाई दायित्व भुक्तानी गर्न नसक्ने भएमा प्राधिकरणले निर्धारण गरे बमोजिमको रकम भुक्तानी गर्न,

(ख) ऐनको दफा १५० को उपदफा (२) को खण्ड (ग) बमोजिम कोषमा जम्मा भएकोमा बीमित पहिचान भएमा वा बीमितको मृत्यु भै दफा १२७ बमोजिम भुक्तानी प्राप्त गर्न सक्ने व्यक्तिबाट पहिचान सहित दावी हुन आएमा त्यस्तो दाबी भुक्तानी गर्न,

(ग) देशको कुनै भू-भाग वा क्षेत्रमा महाविपत्ति लगायतका अन्य संकट आईपरेको अवस्थामा बीमित हित सम्बन्धी प्राधिकरणले निर्धारण गरे बमोजिमको कार्यको लागि हुने खर्च ।

(३) उपनियम (२) बमोजिम भुक्तानीमा प्रतिकूल असर नपर्ने गरी बाँकी रकम नेपाल सरकार वा नेपाल राष्ट्र बैंकको बचतपत्र वा ऋणपत्र वा 'क' वर्गको वाणिज्य बैंकको मुद्दती निक्षेपमा लगानी गर्न सक्नेछ ।

(४) उपनिमय (३) बमोजिमको लगानीबाट प्राप्त ब्याज ऐनको दफा १५० बमोजिमको कोषमा जम्मा गर्नु पर्नेछ ।

९१. <u>बीमा विकास कोषको प्रयोगः</u> बीमा विकास कोषमा रहेको रकमको प्रयोग आर्थिक रुपले विपन्न वर्गका नागरिक समक्ष बीमाको पहुँच पुऱ्याउन देहायका क्षेत्रमा प्राधिकरणले निर्धारण गरे बमोजिम हुनेछः-

(क) बीमाशुल्कमा अनुदान कार्यक्रम सञ्चालन गर्न,

(ख) बीमा सम्बन्धी समुदाय लक्षित नमुना (पाइलट) परियोजना सञ्चालन गर्न,

(ग) बीमा प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्न,

(घ) बीमा सम्बन्धी आवश्यकता पहिचान गर्न अध्ययन तथा अनुसन्धान गर्न,

(ङ) बीमा साक्षरता, ग्राहक संरक्षण सम्बन्धी कार्यक्रम सञ्चालन गर्न,

(च) लघु तथा स्वास्थ्य बीमा सम्बन्धी कार्यक्रम सञ्चालन गर्न,

(छ) नेपाल सरकारको गरिबी निवारण सम्बन्धी रणनीति अन्तर्गत अति विपन्न वर्गको प्राकृतिक प्रकोपबाट हुन सक्ने क्षतिको बीमाद्वारा रक्षावरण गर्न,

(ज) नेपाल सरकारले तोकेको कुनै खास समुदाय वा क्षेत्रलाई बीमाको दायरामा ल्याउने कुनै कार्यक्रम कार्यान्वयन गर्न,

(झ) नागरिकको बीमा हित संरक्षण सम्बन्धी अन्य आवश्यक कार्यक्रम सञ्चालन गर्न ।

९२. <u>बीमा विकास कोषको सञ्चालन तथा व्यवस्थापनः</u> (१) ऐनको दफा १५१ बमोजिमको कोष सञ्चालन तथा व्यवस्थापनको लागि प्रचलित बैंक तथा वित्तिय संस्था सम्बन्धी कानून बमोजिम इजाजतपत्र प्राप्त "क" वर्गको बाणिज्य बैंकमा छुट्टै खाता खोली कारोबार सञ्चालन गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम भुक्तानीमा प्रतिकूल असर नपर्ने गरी बाँकी रकम नेपाल सरकार वा नेपाल राष्ट्र बैंकको वचतपत्र वा ऋणपत्र वा 'क' वर्गको वाणिज्य बैंकको मुद्दती निक्षेपमा लगानी गर्न सकिनेछ ।

(३) उपनिमय (२) बमोजिमको लगानीबाट प्राप्त व्याज ऐनको दफा १५१ बमोजिमको कोषमा जम्मा गर्नु पर्नेछ

१३. <u>बीमितको अनुसन्धान तथा जाँचबुझ सम्बन्धी व्यवस्थाः</u> (१) ऐनको दफा १४३ बमोजिम बीमितको अनुसन्धान गर्नु परेमा प्राधिकरणले अधिकृतस्तरको कर्मचारीलाई अनुसन्धान अधिकृत तोक्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिमको अनुसन्धान अधिकृतले अनुसन्धान तथा जाँचबुझ गर्दा देहायका अधिकार प्रयोग गर्न सक्नेछः-

(क) सम्बन्धित बीमितलाई आफू समक्ष उपस्थित गराउने, कागजपत्र पेश गर्न लगाउने र आवश्यकताअनुसार बयान लिने,

(ख) साक्षी बुझ्ने, सरजमिन मुचुल्का तयार गर्ने,

(ग) सम्बन्धित कार्यालय वा कुनै व्यक्तिको साथमा रहेको सम्बद्ध कागजात, अभिलेख, सूचना वा प्रमाण प्राप्त गर्ने,

(घ) सम्बन्धित विषयमा विशेषज्ञको राय लिने ।

(३) यस नियम बमोजिम अनुसन्धान तथा जाँचबुझ कार्य सम्पन्न भएपछि सात दिनभित्र प्राधिकरणमा प्रतिवेदन पेश गर्नु पर्नेछ ।

१४. <u>बीमादर सल्लाहकार समितिः</u> (१) बीमादर निर्धारण, बीमालेख निर्माण तथा सो को पुनरावलोकन सम्वन्धमा प्राधिकरण समक्ष सिफारिस गर्नका लागि देहाय बमोजिम बीमादर सल्लाहकार समिति रहनेछः-

(क) अध्यक्ष, नेपाल बीमा प्राधिकरण - संयोजक

(ख) प्राधिकरणको कार्यकारी निर्देशक - सदस्य

(ग) बीमकहरूबाट प्राधिकरणले तोकेको दुईजना प्रतिनिधि - सदस्य

(घ) पुनर्बीमकहरूबाट प्राधिकरणले तोकेको एकजना प्रतिनिधि - सदस्य

(ङ) बीमादर सम्बन्धी विशेष ज्ञान भएको प्राधिकरणले तोकेको एकजना - सदस्य

(च) प्राधिकरणको सम्बन्धित विभागको प्रमुख - सदस्य सचिव

(२) उपनियम (१) को खण्ड (ग) को सम्बन्धमा जीवन, निर्जीवन, लघुजीवन तथा लघु निर्जीवन बीमाको बीमादरको लागि सम्बन्धित बीमा व्यवसाय गर्ने बीमकहरूमध्ये दुई जना प्रतिनिधि प्राधिकरणले तोक्नेछ ।

(३) बीमादर सल्लाहकार समितिको बैठक सञ्चालन सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(४) बीमादर सल्लाहकार समितिले बैठकमा आवश्यकता अनुसार सम्बन्धित विषयको बिज्ञ आमन्त्रण गर्न सक्नेछ।

९५. विज्ञ समूहः (१) ऐनको दफा १५४ को प्रयोजनको लागि देहाय बमोजिमको विज्ञ समूह गठन हुनेछः-

(क) प्राधिकरणको कार्यकारी निर्देशक - संयोजक

(ख) महान्याधिवक्ताको कार्यालयको कम्तीमा राजपत्राङ्कित प्रथम श्रेणीको प्रतिनिधि - सदस्य

(ग) नेपाल प्रहरीको एक जना नायब प्रहरी महानिरीक्षक - सदस्य

(घ) बीमकको एक जना कार्यकारी प्रमुख - सदस्य

(ङ) प्राधिकरणको सम्बन्धित विभागको विभागीय प्रमुख - सदस्य सचिव

(२) उपनियम (१) को खण्ड (घ) बमोजिमको प्रतिनिधि प्राधिकरणले मनोनयन गर्नेछ।

(३) उपनियम (१) बमोजिमको विज्ञ समूहले दिएको राय अध्यक्ष समक्ष पेश गर्नेछ र अध्यक्षले त्यस्तो प्रतिवेदन समिति समक्ष पेश गर्नु पर्नेछ ।

(४) उपनियम (१) बमोजिमको बैठक सम्बन्धि अन्य कार्यविधि समूहले आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(५) विज्ञ समूहले बैठकमा आवश्यकता अनुसार सम्बन्धित विषयको बिज्ञ आमन्त्रण गर्न सक्नेछ ।

९६. बैठकभत्ता तथा सुविधाः नियम ४, ५, १०, ९४ र ९५ बमोजिमका समिति वा समूहका सदस्यले त्यस्तो समिति वा समूहको बैठक बसेको दिनको समितिको सदस्यले पाए सरह बैठक भत्ता पाउनेछन।

९७. बीमा सूचना केन्द्रः (१) प्राधिकरणले बीमा सूचना केन्द्रको रूपमा कार्य गर्न एक पब्लिक लिमिटेड कम्पनीको स्थापना गर्नेछ ।

(२) बीमा सूचना केन्द्रले देहाय बमोजिमको कार्य गर्नेछः-

(क) बीमा सम्बन्धी सूचनाको संकलन, भण्डारण तथा वितरण,

(ख) बीमा ठगी, जालसाजी, किर्ते लगायतका बीमा अपराध गरेको वा अस्वभाविक वा शंकास्पद बीमा गतिविधि गर्ने बीमितलाई आवश्यकता अनुसार कालोसूची वा शंकास्पदको सूचीमा राखे,

(ग) ऐनको दफा १४३ को उपदफा (४) बमोजिमको सूचना संकलन गरी अभिलेख राख्ने,

(घ) बीमा सम्बन्धी आवधिक प्रतिवेदन तयार गर्ने,

(ङ) प्राधिकरणले निर्धारण गरेका अन्य तथ्याङ्क संकलन गर्ने,

(च) केन्द्रको प्रवन्धपत्र र नियमावलीमा उल्लेख भएका अन्य उद्देश्य अनुरूप कार्य गर्ने ।

(३) उपनियम (२) बमोजिमको कार्य सम्पादन गर्न आवश्यक विवरण, सूचना तथा जानकारी बीमकले बीमा सूचना केन्द्रलाई उपलब्ध गराउनु पर्नेछ ।

९८. <u>बीमा प्रतिष्ठानः</u> (१) यो नियमावली प्रारम्भ हुँदाका बखत प्रचलित कम्पनी कानून बमोजिम स्थापना भएको इन्स्योरेन्स इन्स्टिच्युट नेपाल लिमिटेडले बीमा प्रतिष्ठानको रूपमा काम गर्नेछ ।

(२) उपनियम (१) बमोजिमको प्रतिष्ठानले बीमा सम्बन्धी जनशक्तिको क्षमता अभिवृद्धि, बीमा सम्बन्धी कलेज सञ्चालन, बीमा सम्बन्धी अध्ययन अनुसन्धान तथा कार्यक्रम गर्नेछ ।

९९. गुनासो सुन्ने अधिकारी सम्बन्धी व्यवस्थाः ऐनको दफा १५२ को प्रयोजनको लागि प्राधिकरणले अधिकृत स्तरको कर्मचारीलाई गुनासो सुन्ने अधिकारी तोक्नेछ ।

१००. तथ्याङ्क सम्बन्धी व्यवस्थाः (१) प्राधिकरणले बीमक, बीमा मध्यस्थकर्ता वा अन्य बीमा सेवा प्रदायकबाट संकलन गर्ने तथ्यांक वा आवधिक रूपमा प्राप्त गर्ने विवरण, सूचना तथा जानकारी विद्युतीय माध्यमबाट लिनु पर्नेछ ।

(२) प्राधिकरणले देहाय बमोजिको बीमा क्षेत्रसंग सम्बन्धित काम, कारवाही, विवरण तथा तथ्याङ्क मासिक रूपमा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गर्नेछः-

(क) बीमा क्षेत्रसंग सम्बन्धित मुख्य सूचकाङ्क,

(ख) जोखिमाङ्कन, पुनर्बीमा र दाबी सम्बन्धी विवरण,

(ग) बीमा दाबी उजुरी, गुनासो र मध्यस्थता सम्बन्धी विवरण,

(घ) प्राधिकरणका आवधिक गतिविधि,

(ङ) प्राधिकरणले निर्धारण गरेका अन्य विषय ।

(३) उपनियम (१) बमोजिमको विवरण प्राधिकरणले वेभसाइटमा प्रकाशन गर्नेछ।

१०१. खबरदारी नीतिः (१) प्राधिकरणले ऐन, नियम, विनियम तथा कार्यविधिको पालना गर्ने सम्बन्धमा प्राधिकरणको व्यवस्थापन वा पदाधिकारी वा कर्मचारीबाट अनियमित तवरले भए गरेका वा हुन सक्ने कामकारवाहीको गोप्य रूपमा जानकारी दिन खबरदारी नीति बनाई लागू गर्नेछ।

(२) उपनियम (१) बमोजिम प्राधिकरणको व्यवस्थापन, पदाधिकारी, लेखापरीक्षक, परामर्शदाता वा कर्मचारीबाट भए गरेको अनियमित काम कारवाहीको गोप्य रूपमा जानकारी दिने व्यक्तिको पेशागत सुरक्षाको संरक्षण गर्ने कर्तव्य समितिको हुनेछ।

(३) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि पदाधिकारी वा कर्मचारीलाई अनावश्यक दुख दिने मनसायले झुट्टा वा गलत सूचना दिन पाईने छैन ।

१०२. प्रबन्धपत्र तथा नियमावलीको संशोधन: बीमकको प्रबन्धपत्र वा नियमावलीको संशोधन गर्न प्राधिकरणको पूर्वस्वीकृति लिनु पर्नेछ।

१०३. दर्ता किताब राख्नु पर्ने: प्राधिकरणले इजाजतप्राप्त बीमक, बीमा मध्यस्थकर्ता वा अन्य बीमा सेवा प्रदायकको इजाजत, नवीकरण वा कारवाहीको अभिलेख राख्न अनुसूची-१८ बमोजिमको छुट्टा-छुट्टै दर्ता किताब राख्नु पर्नेछ।

१०४. आचरण सम्बन्धी व्यवस्था: बीमा मध्यस्थकर्ता र अन्य बीमा सेवा प्रदायकले प्राधिकरणले निर्धारण गरे बमोजिमको आचारसंहिता पालना गर्नु पर्नेछ ।

१०५. प्रतिलिपि: प्राधिकरणमा रहेको कुनै लिखतको प्रतिलिपि लिनुपर्ने भएमा अनुसूची-१९ को ढाँचामा निवेदन पेश गर्नुपर्नेछ र सो बापत प्रति पृष्ठ दश रुपैयाँका दरले दस्तुर लाग्नेछ ।

१०६. अनुसूचीमा संशोधन: नेपाल सरकारको अर्थ मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा हेरफेर तथा थपघट गर्न सक्नेछ ।

१०७. खारेजी तथा बचाउ: (१) बीमा नियमावली, २०४९ खारेज गरिएको छ ।

(२) बीमा नियमवाली, २०४९ बमोजिम भए गरेका काम कारवाही यसै नियमावली बमोजिम भए गरेको मानिनेछ ।

अनुसूची-७

(नियम ४५ (३), नियम ४७ (३), (४), नियम ४९ (२), नियम ५२ (२), (३) नियम ५६ (२), नियम ६१ (५) र नियम ८६ (४) संग सम्बन्धित)

बीमा मध्यस्थकर्ता (बीमा अभिकर्ता/सर्भेयर/दलाल/तेश्रो पक्ष सहजकर्ता)

को इजाजत, नियमन, नवीकरण तथा बिलम्ब शुल्क

क्र. सं.	मध्यस्थकर्ताको प्रकार	इजाजत शुल्क	नियमन शुल्क	नवीकरण शुल्क	बिलम्ब शुल्क
१.	बीमा अभिकर्ता	व्यक्तिगत अभिकर्ताको हकमा दुईहजार पाँचसय रूपैयाँ र संस्थागत अभिकर्ताको हकमा दशहजार रूपैयाँ	पाँच सय रूपैयाँ	एकहजार रूपैयाँ	एकहजार रूपैयाँ
२.	बीमा सर्भेयर	व्यक्तिगत सर्भेयरको हकमा दशहजार रूपैयाँ र संस्थाको हकमा वीसहजार रूपैयाँ शुल्क	एक हजार रूपैयाँ	व्यक्तिगत सर्भेयरको हकमा दशहजार रूपैयाँ र संस्थागत सर्भेयरको हकमा बीस हजार रूपैयाँ	पाँच हजार रूपैयाँ
३.	बीमा दलाल	पाँच लाख रूपैयाँ	पाँच हजार रूपैयाँ	पच्चीस हजार रूपैयाँ	प्रतिदिन एक सय रूपैयाँ
४.	तेस्रो पक्ष सहजकर्ता	पाँच लाख रूपैयाँ	पाँच हजार रूपैयाँ	पच्चीस हजार रूपैयाँ	प्रतिदिन एक सय रूपैयाँ

अनुसूची-९

(नियम ४८ को उपनियम (१) को खण्ड (क) सँग सम्वन्धित)

बीमा अभिकर्ताको कमिशन तालिका

<table>
<tr><th>बीमाको प्रकार</th><th>बीमालेखको अवधि</th><th>पहिलो वर्ष (प्रतिशत)</th><th>दोस्रो वर्ष (प्रतिशत)</th><th>तेस्रो वर्ष देखि दशौं वर्ष सम्म (प्रतिशत)</th></tr>
<tr><td rowspan="5">सावधिक र आजीवन जीवन बीमाको लागि</td><td>५ देखि ७ वर्ष सम्म</td><td>१०</td><td>५</td><td>५</td></tr>
<tr><td>८ देखि ९ वर्ष सम्म</td><td>१०</td><td>१०</td><td>५</td></tr>
<tr><td>१० देखि १४ वर्ष सम्म</td><td>१५</td><td>१५</td><td>५</td></tr>
<tr><td>१५ देखि १९ वर्ष सम्म</td><td>२५</td><td>१५</td><td>५</td></tr>
<tr><td>२० वा सो भन्दा बढी</td><td>२५</td><td>२५</td><td>५</td></tr>
<tr><td>एकल बीमाशुल्क प्राप्त गरी हुने बीमा</td><td colspan="4">बीमालेख जारी भएको पहिलो पाँच वर्षमा समानुपातिक रूपमा भुक्तानी पाउने गरी बीमाशुल्कको छ प्रतिशत सम्म ।</td></tr>
<tr><td>म्यादी जीवन बीमाको लागि</td><td colspan="4">जुनसुकै अवधिका लागि बीमालेख जारी भएको भएता पनि बीमाशुल्कको दश प्रतिशत सम्म।</td></tr>
<tr><td>अन्य बीमाको लागि</td><td colspan="4">प्राधिकरणले निर्धारण गरे बमोजिम ।</td></tr>
</table>

अनुसूची:-१०

(नियम ४८ को उपनियम ३ सँग सम्वन्धित)

नवीकरण दरका आधारमा बीमा अभिकर्ताको इन्सेन्टिभ कट्टी सम्वन्धी तालिका

अभिकर्ताको नवीकरण दर	कट्टी गर्नु पर्ने प्रतिशत
बीमा अभिकर्ताको कार्य गरेको पहिलो वर्ष	-
पचहत्तर प्रतिशत वा सो भन्दा बढी नवीकरण दर भएको,	-
साठी प्रतिशत देखि पचहत्तर प्रतिशत सम्म	२०
पैतालिस प्रतिशत देखि साठी प्रतिशत सम्म	४०
तीस प्रतिशत देखि पैतालिस प्रतिशत सम्म	६०
तीस प्रतिशत भन्दा कम	८०

अनुसूची-१४

(नियम ७१ र ८६ (४) संग सम्बन्धित)

अन्य बीमा सेवा प्रदायकको इजाजत, नियमन नवीकरण तथा बिलम्ब शुल्क

क्र. सं.	अन्य बीमा सेवा प्रदायक प्रकार	इजाजत शुल्क	नियमन शुल्क	नवीकरण शुल्क	बिलम्ब शुल्क
१.	बीमा अन्वेषक	पाँच हजार रूपैयाँ	एक हजार रूपैयाँ	दुई हजार रूपैयाँ	प्रतिदिन दश रूपैयाँ
२.	अन्डरराइटर	पाँच हजार रूपैयाँ	एक हजार रूपैयाँ	दुई हजार रूपैयाँ	प्रतिदिन दश रूपैयाँ
३.	वेभ एग्रीगेटर	पचास हजार रूपैयाँ	पाँच हजार रूपैयाँ	दश हजार रूपैयाँ	प्रतिदिन पचास रूपैयाँ
४.	प्रोडक्ट डेभलपर	पाँच हजार रूपैयाँ	एक हजार रूपैयाँ	दुई हजार रूपैयाँ	प्रतिदिन दश रूपैयाँ